# भौतिक स्रोतको व्यवस्थापन र शैक्षिक गुणस्तरमा त्यसको प्रभाव

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, पाठ्यक्रम तथा मूल्याङ्कन विभागअन्तर्गत
स्नातकोत्तर तह द्वितीय वर्ष (कोर्ष नं. ५९८)को
आवश्यकता परिपूर्तिका लागि प्रस्तुत
शोधपत्र


प्रस्तुतकर्ता
हरिकान्त शाह
त्रि.वि.दर्ता नं. २४३१५-९३
क्याम्पस रोल नं. ९८/०६३/०६४
परीक्षा रोल नं. :- २१८००२३/०६५
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

२०७२

शोधपत्र बुझाएको मिति
वि.सं. २०७२/०३/१८
ई.सं. ३ जुलाई, २०१५

भाइभा मिति
वि.सं. २०७२/०८/०९
ई.सं. २५ नोभेम्बर, २०१५

भौतिक स्रोतको व्यवस्थापन र शैक्षिक गुणस्तरमा त्यसको प्रभाव - २०७२
हरिकान्त शाह

# भौतिक स्रोतको व्यवस्थापन र शैक्षिक गुणस्तरमा त्यसको प्रभाव

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, पाठ्यक्रम तथा मूल्याङ्कन विभागअन्तर्गत
स्नातकोत्तर तह द्वितीय वर्ष (कोर्ष नं. ५९८)को
आवश्यकता परिपूर्तिका लागि प्रस्तुत
शोधपत्र

प्रस्तुतकर्ता
हरिकान्त शाह
त्रि.वि.दर्ता नं. २४३१५-९३
क्याम्पस रोल नं. ९८/०६३/०६४
परीक्षा रोल नं. :- २१८००२३/०६५
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी
२०७२

शोधपत्र बुझाएको मिति
वि.सं. २०७२/०३/१८
ई.सं. ३ जुलाई, २०१५

भाइभा मिति
वि.सं. २०७२/०८/०९
ई.सं. २५ नोभेम्बर, २०१५

## प्रतिबद्धता-पत्र

प्रस्तुत **भौतिक स्रोतको व्यवस्थापन र शैक्षिक गुणस्तरमा त्यसको प्रभाव** शीर्षकको शोधपत्र मेरो आफ्नै प्रयास र सहभागितामा तयार पारिएको हो । यसमा संलग्न गरिएका तथ्याङ्कहरू यथार्थ र वास्तविक छन् । यो शोधपत्र मार्फत् कोही र कसैमाथि पर्नजाने असरको जिम्मेवारी म स्वयम् हुने प्रतिबद्धता व्यक्त गर्दछु ।

..................

मिति : २०७२/०३/१८
३ जुलाई, २०१५

हरिकान्त साह

# जनता बहुमुखी क्याम्पस

☎०२५-५८१३००
५८००६४

इटहरी, सुनसरी
स्थापित : २०४५
(त्रिभुवन विश्वविद्यालय र उ.मा.शि.परिषदबाट सम्बन्धन प्राप्त)
विज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र संकाय


प.सं. :
च.नं.:

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय पाठ्यक्रम तथा मूल्याङ्कन विभाग स्नातकोत्तर तह, द्वितीय वर्ष (Ed. CE. ५९८) को आवश्यकता परिपूर्तिका लागि **भौतिक स्रोतको व्यवस्थापन र शैक्षिक गुणस्तरमा त्यसको प्रभाव** शीर्षकको शोधपत्र हरिकान्त साहले मेरो सल्लाह र निर्देशनमा तयार गर्नु भएको हो । प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि मूल्याङ्कन समितिसमक्ष सिफारिस गर्दछु ।

श्री शान्तिराम दाहाल
शोध निर्देशक
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

मिति : २०७२/०३/१८
३ जुलाई, २०१५

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय
पाठ्यक्रम तथा मूल्याङ्कन विभाग
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत जनता बहुमुखी क्याम्पस इटहरीबाट स्नातकोत्तर तह, द्वितीय वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन मूल विषयको आवश्यकता परिपूर्तिका लागि हरिकान्त साहद्वारा प्रस्तुत **प्राथमिक विद्यालयमा भौतिक स्रोतको व्यवस्थापन र शैक्षिक गुणस्तरमा त्यसको प्रभाव** शीर्षकमा तयार पार्नुभएको शोधपत्र स्वीकृतिका लागि प्रस्तुत गर्नुभएकाले यो शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

हस्ताक्षर

१. श्री टोलनाथ काफ्ले ..................................
(विभागीय प्रमुख)
उप. प्राध्यापक
पाठ्यक्रम तथा मूल्याङ्कन विभाग
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

२. श्री शान्तिराम दाहाल ....................................
(शोध निर्देशक)
उप. प्राध्यापक
पाठ्यक्रम तथा मूल्याङ्कन विभाग
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

३. ....................................

(वाह्य परीक्षक)

मिति :

# कृतज्ञताज्ञापन

प्रस्तुत **भौतिक स्रोतको व्यवस्थापन र शैक्षिक गुणस्तरमा त्यसको प्रभाव** शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय पाठ्यक्रम तथा मूल्याङ्कन विभाग, स्नातकोत्तर तह द्वितीय वर्षको आवश्यकता परिपूर्तिका लागि तयार गरिएको हो । सर्वप्रथम मेरो शोधपत्र लेखन कार्यमा आफ्नो व्यस्त सयका बाबजुद पनि सहज र सरल ढङ्गले अमूल्य समय, सुझाव, सल्लाह, प्रेरणा र कुशल निर्देशन प्रदान गरी महत्त्वपूर्ण सहयोग गर्नुहुने श्री जनता बहुमुखी क्याम्पस इटहरी सुनसरीका आदरणीय शोध निर्देशक श्री शान्तिराम दाहालज्यू प्रति म सदा कृतज्ञ रहनेछु । त्यसैगरी यो शोधपत्र लेखनका क्रममा आवश्यक सल्लाह, सुझाव र हौसला प्रदान गर्नुहुने पाठ्यक्रम तथा मूल्याङ्कन विभागका विभागीय प्रमुख श्री टोलनाथ काफ्ले, क्याम्पस प्रमुख श्री निरकुमार राई तथा श्रद्धेय गुरु श्री राजन शर्माज्यू लगायतका सम्पूर्ण गुरुहरू प्रति म आभार व्यक्त गर्दछु ।

तथ्याङ्क सङ्कलनका क्रममा आवश्यक तथ्याङ्क उपलब्ध गराउन सहयोग प्रदान गर्नुहुने सबै विद्यालयहरूका प्र.अ. र शिक्षकज्यूहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीज्यूहरू, अभिभावक, विद्यार्थीवर्गका साथै अन्य सम्बन्धित पक्षहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

मेरो पठनपाठन कार्यका साथै जीवनका हरेक पक्षमा सदा उत्साह, प्रेरणा र सहयोग गरी सफल भविष्यको कामना गर्नुहुने मेरी जीवनसँगी श्रीमती अम्बिका साहप्रति कृतज्ञता व्यक्त गर्दछु ।

अन्त्यमा यस शोधपत्रलाई छिटो, छरितो ढङ्गले कम्प्युटर टाइप गरी सहयोग गर्ने नेहा कम्प्युटर्स इटहरी-५ की रन्जना अधिकारीलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

हरिकान्त साह

२०७२ असार

## शोधसार

**भौतिक स्रोतको व्यवस्थापन र शैक्षिक गुणस्तरमा त्यसको प्रभाव** शीर्षकमा तयार गरिएको शोधपत्र सामुदायिक प्राथमिक विद्यालयमा शिक्षकको व्यवस्थापन र विद्यालयका भौतिक व्यवस्थापनले सिकाइ उपलब्धिमा प्रभाव पार्ने तथ्यगत विषयलाई समेटेको छ । यो शोधपत्रको प्रमुख उद्देश्य प्राथमिक विद्यालयको भौतिक स्रोत व्यवस्थापनले शैक्षिक गुणस्तरमा पार्ने प्रभावको अध्ययन गर्नु, उक्त भौतिक स्रोत व्यवस्थापनमा सरोकारवालाको धारणा पहिचान गर्नु तथा उक्त कुरा व्यवस्थापनमा देखिएका समस्या पहिचान गरी सुझाउनु जस्ता उद्देश्य राखेर गरिएको यो शोधकार्य सुनसरी जिल्लाको इटहरी उप-महानगरपालिका भित्र सञ्चालित ६ वटा सामुदायिक विद्यालयको प्राथमिक स्तर र सम्बन्धित विद्यालयका प्र.अ., २/२ जना शिक्षक, १/१ जना वि.व्य.स.का पदाधिकारी समेतलाई अध्ययन भित्र सीमित गरिएको छ । वैज्ञानिक व्यवस्थापनको सिद्धान्त र मानवीय संसाधन सिद्धान्तले मार्ग निर्देश गरे अनुसार प्राप्त तथ्याङ्कलाई प्रस्तावनामा उल्लेख गरिएका उद्देश्यहरूको आधारमा तथ्याङ्कलाई विश्लेषण गरिएको छ । यो अध्ययन कार्यलाई अगाडि बढाउन अन्तर्वार्ता, तालिका अवलोकन, समूह छलफल र अभिलेख अध्ययन जस्ता साधनबाट तथ्याङ्क सङ्कलन गरी गुणात्मक तथा परिमाणात्मक दुवै ढाँचाको सहयोगबाट तथ्याङ्कलाई तालिकीकरण गर्दै तथ्याङ्कशास्त्रीय विधिको प्रयोग गरी सैद्धान्तिक खाका र सम्बन्धित साहित्यको अध्ययन गर्दै व्याख्या र विश्लेषण गरिएको छ ।

विद्यालयको प्राथमिक तहमा शिक्षक व्यवस्थापन हेर्दा पुरुष भन्दा महिला शिक्षकको सङ्ख्या बढी रहेको, प्राथमिक स्तरमा नियुक्ति प्रक्रियामा पुरुष भन्दा महिलालाई प्राथमिकता दिएको, शिक्षक नियुक्तिका प्रकार स्थायी, राहत, अस्थायी र निजी गरी ४ किसिमको रहेको, विद्यार्थीको व्यवस्थापन तर्फ हेर्दा १:४२ शिक्षक विद्यार्थी अनुपात रहेको देखियो । त्यस्तै कक्षाकोठामा झ्याल, ढोका र प्रकाशको व्यवस्थापन सामान्य अवस्थामा देखियो । डेक्स, बेञ्चलाई विश्लेषण गर्दा १:५ डेक्स बेञ्च र विद्यार्थीको अनुपात देखियो । यसैगरी विद्यालयमा उपलब्ध संसाधन र भौतिक स्रोत व्यवस्थापनका सम्बन्धमा मिश्रित किसिमको धारणा प्रस्तुत गरेका छन् ।

विद्यालयको प्राथमिक तहमा भौतिक स्रोत व्यवस्थापन र शैक्षिक गुणस्तरमा त्यसको प्रभाव सन्दर्भमा नमुना क्षेत्रमा शिक्षक दरबन्दी अभाव, न्यूनतम शैक्षिक योग्यता भएका शिक्षकको सङ्ख्या अत्याधिक हुनु, महिला शिक्षकको सङ्ख्या बढी हुनु, कर्मचारीको उचित व्यवस्थापन हुन नसकेको विद्यालयमा शैक्षिक सामग्रीको उचित व्यवस्थापन हुन नसकेको, विद्यालयको कक्षा सञ्चालन आफ्नै निजी भवनमा भएता पनि फर्निचरको समस्या, झ्याल, ढोकाको प्रबन्ध नहुनु, डेस्क, बेन्च विद्यार्थी उमेर

सङ्ख्या अनुसारको नहुनु, कक्षाकोठामा हावा, प्रकाश बत्तीको उचित प्रबन्ध मिलाउन नसक्नु, शैक्षिक सामग्रीको अभाव, खानेपानी शौचालयको प्रबन्ध नरहेको देखिन्छ । यसैगरी विद्यालयमा सुरक्षाका लागि कम्पाउण्ड वाल, स्वास्थ्य उपचारको व्यवस्था, फूलबारी बगैँचा समेत नरहेको अध्ययनको निष्कर्ष रहेको छ । विद्यालयमा कार्यरत शिक्षकहरूलाई राज्यले सुरक्षा प्रदान गर्दै समय सापेक्ष तालिमको व्यवस्था गर्नुपर्ने, भौतिक स्रोत व्यवस्थापनमा राज्यको तर्फबाट उचित व्यवस्थापन गरिनु पर्ने जस्ता सुझावहरू पेस गरिएको छ ।

## विषयसूची


| शीर्षक | पेज |
|---|---|
| प्रतिवद्धता पत्र | i |
| सिफारिस पत्र | ii |
| स्वीकृति पत्र | iii |
| कृतज्ञताज्ञापन | iv |
| शोधसार | v |
| विषयसूची | vii |
| परिच्छेद एक - परिचय | |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ५ |
| १.३ अध्ययनको औचित्य | ६ |
| १.४ अध्ययनका उद्देश्यहरू | ६ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरू | ६ |
| १.६ अध्ययनको परिसीमा | ७ |
| १.७ विशिष्ट शब्दवलीहरूको परिभाषा | ७ |
| परिच्छेद दुई - सैद्धान्तिक खाका तथा सम्बन्धित साहित्यको पुनरावलोकन | |
| २.१ अध्ययनको सैद्धान्तिक खाका | ९ |
| २.२ सम्बन्धित साहित्यको पुनरावलोकन | ९ |
| २.३ अवधारणात्मक खाका | १२ |
| परिच्छेद तीन - अध्ययन विधि | |
| ३.१ अनुसन्धान ढाँचा | १४ |
| ३.२ अध्ययनको जनसङ्ख्या | १४ |
| ३.३ नमुना छनोट | १५ |
| ३.३.१ विद्यालय र प्र.अ.को छनोट | १५ |

३.३.२ वि.व्य.स.अध्यक्ष तथा सदस्यहरूको छनोट १५

३.३.३ शिक्षक छनोट १५

३.३.४ अभिभावक र विद्यार्थी छनोट १५

३.३.५ नमुनाको आकार १५

३.४ तथ्याङ्कका स्रोतहरू १६

३.५ अनुसन्धानका साधनहरू १६

३.५.१ अन्तर्वाता अनुसूची (प्रश्नावली) १७

३.५.२ समूह छलफल १७

३.५.३ अवलोकन फारम १७

३.६ साधनको वैधता निर्धारण १७

३.७ तथ्याङ्क सङ्कलन प्रक्रिया १७

३.८ तथ्याङ्कको विश्लेषण र व्याख्या १८

परिच्छेद चार - तथ्याङ्कको व्याख्या र विश्लेषण

४.१ भौतिक स्रोतको व्यवस्थापन १९

४.१.१ विद्यालय भवन र कक्षाकोठा १९

४.१.२ कक्षाकोठामा झ्याल, ढोका र प्रकाशको व्यवस्था २०

४.१.३ फर्निचर व्यवस्थापन २१

४.१.४ पुस्तकालय तथा प्रयोगशालाको व्यवस्थापन २२

४.१.५ खेलमैदान र खेलकुद सामग्रीको व्यवस्थापन २३

४.१.६ शैक्षिक सामग्रीको व्यवस्थापन २३

४.२ विद्यालयमा रहेको भौतिक स्रोत व्यवस्थापनका चुनौतीहरू २४

४.२.१ भौतिक स्रोत साधन अपर्याप्तता २५

४.२.२ भौतिक स्रोत साधनको प्रयोग तथा व्यवस्थापन २५

४.२.३ भौतिक स्रोत साधनको सदुपयोग हुन नसक्नु २६

४.२.४ भौतिक स्रोत साधनमा बाह्य हस्तक्षेप २७

४.२.५ दक्ष जनशक्तिको कमी २७

४.३ शैक्षिक गुणस्तरका चुनौतीहरूको पहिचान २७

४.३.१ विद्यालय र समाज २८

४.३.२ अभिभावकको चासो २९

४.३.३ विद्यार्थीको नियमितता तथा निरन्तरता २९

४.३.४ प्रधानाध्यापकको दायित्व ३०

४.३.५ विद्यालय व्यवस्थापन समिति कामप्रति उत्तरदायी बनाउने ३०

४.३.६ शिक्षक अभिभावक संघ जिम्मेवारी प्रति उत्तरदायी नहुनु ३१

४.३.७ शिक्षक आफ्नो पेसाप्रति उदासिन हुनु ३१

४.३.८ शिक्षकको नियुक्तिमा राजनीतिकरण ३१

परिच्छेद पाँच - प्राप्ति, निष्कर्ष तथा सुझावहरू

५.१ अध्ययनको प्राप्ति ३२

५.२ अध्ययनको निष्कर्ष ३४

५.३ अध्ययनका सुझावहरू ३५

५.३.१ नीतिगत तहका लागि सुझाव ३५

५.३.२ कार्यन्वयन तहका लागि सुझाव ३५

५.३.३ भावि अनुसन्धानका लागि सुझाव ३६

सन्दर्भसामग्री

अनुसूचीहरू

# परिच्छेद - एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव सभ्यताको सुरुवातसँगै व्यवस्थापनको पनि सुरुवात भएको पाइन्छ । इजिप्ट र रोमन सभ्यतामा व्यवस्थापनको अवधारणा विकसित भए पनि औद्योगिक क्रान्ति पश्चात् मात्र औपचारिक व्यवस्थापनको प्रक्रिया सुरु भएको मानिन्छ । सामान्यतः उपलब्ध साधन र स्रोतलाई संघ-संस्थाको लक्ष्य तथा उद्देश्य अनुरूप अधिकतम उपलब्धि हुने गरी सहि प्रयोग र परिचालन गर्ने कार्यलाई व्यवस्थापन भनिन्छ । कुशलतापूर्वक मानिसहरू र स्रोत साधनहरूको उचित प्रबन्ध मिलाउने प्रक्रियालाई व्यवस्थापन भनिन्छ (काफ्ले र पौडेल, २०६४) । यसरी मानिसहरू र स्रोत साधनहरूको व्यवस्थापन गर्ने कार्यलाई व्यवस्थापन भन्न सकिन्छ ।

"Management is the process of designing or maintaining an environment in which individuals working together in groups efficiently accomplish selected aims" (Knootz and Weihrich, 1993).

अपेक्षित लक्ष्य र उद्देश्यहरू प्राप्त गर्नका निमित्त विभिन्न स्रोतहरूको व्यवस्थापन गर्नु जरुरी हुन्छ । त्यस्ता स्रोतहरू अन्तर्गत मानवीय, भौतिक, आर्थिक र सूचनाका स्रोतहरू पर्दछन् । सामुहिक रूपमा सबै स्रोतहरूको सहि परिचालन भएमा त्यसबाट आशातीत परिणाम प्राप्त गर्न सकिन्छ । अपेक्षित लक्ष्य हासिल गर्न व्यक्ति, स्रोत, तथा कार्यविधिको व्यवस्थित रूपमा उचित प्रबन्ध मिलाउनुलाई व्यवस्थापन भनिन्छ (काफ्ले र पौडेल, २०६४ : १५३) ।

प्रत्येक संघ/संस्थाको लक्ष्य प्राप्त गर्न तथा विकासमा मानवीय शक्तिको उचित तथा क्रियाशील प्रयोग र परिचालन जरुरी हुन्छ । कुनै पनि संघ/संस्थामा आर्थिक स्रोत (Money), भौतिक स्रोत (Materials), संयन्त्र (Machinery) र मानवीय संसाधन (Men) गरी जम्मा 4M हुने हुँदा तिनीहरूलाई समन्वयात्मक ढङ्गबाट उच्चतम प्रतिफल प्राप्त गर्ने हिसाबबाट परिचालन गरिनु पर्दछ (कोइराला र श्रेष्ठ, २०६४) । प्रत्येक संघ/संगठनमा मानवीय संसाधनको व्यवस्थापन अति नै महत्त्वपूर्ण पक्ष हो । कुनै पनि संगठनको सफलता त्यस संगठनमा संलग्न कर्मचारीको कार्यकौशल, दक्षता, सीप, क्षमता, योग्यता, लगनशीलता, इमानदारिता, जाँगर, प्रतिभा, कुशलताको समुचित प्रयोग र परिचालनमा भर पर्दछ ।

मानवीय संसाधन व्यवस्थापन अन्तर्गत कर्मचारी, शिक्षक व्यवस्था, तालिम, अल्पकालीन तथा दीर्घकालीन प्रशिक्षण आदि जस्ता पक्षहरू समेटिन्छन् भने भौतिक पक्षसँग भौतिक पूर्वाधारको अवस्था, फर्निचर भवन, कम्पाउन्ड, शैक्षिक सामग्री, जग्गा जमिन लगायतका कुराहरू सम्बन्धित हुने गर्दछन् । मानवीय संसाधन तथा अन्य स्रोतबीचको समन्वयले मात्र कुनै पनि संघ/संस्थाको लक्ष्य प्राप्त गर्न सकिन्छ ।

कुनै पनि संगठनको लक्ष्य हासिल गर्न संगठनमा काम गर्ने र गराउने व्यक्ति बीचको सम्बन्ध प्रगाढ र आत्मीय हुनुपर्दछ । यसका अतिरिक्त जबसम्म संगठनमा कार्यरत मानवीय संसाधन र साधनबीच घनिष्ठ वा सुमधुर मानवीय सम्बन्ध हुँदैन, तबसम्म प्रभावकारी संगठनको कल्पना समेत गर्न सकिदैन । विद्यालय पनि एक संगठन भएको हुनाले यसको मानवीय, भौतिक, आर्थिक तथा प्रशासनिक पक्षबीच समन्वयात्मक तालमेलको जरुरत  पर्दछ । व्यवस्थापन पक्षसँग सम्बन्धित योजना, संगठन, नियन्त्रण, समन्वय र अनुगमन जस्ता कुराहरूलाई ध्यान दिन सकेमा विद्यालयले लिएको लक्ष्य प्राप्त गर्न सकिन्छ ।

कुनै पनि व्यवस्थापक होस् जसको पहिलो कार्य भनेको नै स्रोत व्यवस्थापन हुने गर्दछ । वास्तवमा व्यवस्थापकले योजना निर्माण गर्ने तथा मानवीय, आर्थिक, भौतिक तथा सूचनाको स्रोतलाई निर्देशित, नियन्त्रित र संगठित गर्दछ । कुनै पनि व्यवस्थापन प्रक्रियाको परिपुरक तत्त्वको रूपमा व्यवस्थापक रहन्छ । तसर्थ, व्यवस्थापनको क्षेत्रमा व्यवस्थापकका कार्यहरू महत्त्वपूर्ण रूपमा रहेका हुन्छन् । विद्वान् फोयल (१९३०) ले कुनै पनि व्यवस्थापन पक्षसँग मूलतः योजना बनाउने, संगठित गर्ने, आदेश दिने, समन्वयन गर्ने र नियन्त्रण गर्ने कुरा उल्लेख गरेका छन् । अर्का विद्वान् Luther Gulick  (1937) ले Planning Organizing, Staffing, Direction, Co-ordinating, Reporting and Budgeting (POSDCoRB) को अवधारणा विकसित गरे । कुन्ज र वइरिच (Knoonth & Weihrich) ले यसैगरी व्यवस्थापनका कार्यका रूपमा योजना, संगठन, कर्मचारी, नेतृत्व र  नियन्त्रण उल्लेख गरे । विभिन्न विद्वानहरूको व्यवस्थापनको मुख्य अवधारणामा एकरूपता पाइन्छ । तर Griffin (1993) ले व्यवस्थापनको क्षेत्रमा योजना, संगठन, नेतृत्व र नियन्त्रण गर्दा स्रोतको पक्षलाई समेट्नु पर्ने धारणा अगाडि सारे ।

माथिको विश्लेषणबाट व्यवस्थापनको अवधारणामा एकरूपता भेटिन्छ । उदाहरणका लागि विद्वानहरू व्यवस्थापन प्रक्रियाका योजना, संगठन, नेतृत्व र नियन्त्रण जस्ता चारवटा कार्यहरू हुन्छन् भन्ने कुरामा सहमत देखिन्छन् । योजनाको अर्थ व्यवस्थापकले अहिलेको भन्दा स्तरीय कार्य गर्न र भावी

लक्ष्य निर्धारण गर्नु हुन्छ । त्यस्ता कार्यहरू कुनै निश्चित विधि, तरिका वा पद्धतिमा आधारित हुन्छन् । यसैगरी संगठन भन्नाले मानवीय र सामग्रीको स्रोतको  व्यवस्थापन र समन्वयलाई बुझिन्छ । यसैगरी संगठनको लक्ष्य प्राप्त गर्नका लागि त्यसको सफल नेतृत्वको जरुरत पर्दछ । एउटा असल व्यवस्थापकले मात्र सो जिम्मेवारी वहन गर्न सक्छ । र, सबै पक्षबीच उचित तालमेल मिलाउन सक्नुका साथै लक्ष्य प्राप्तितर्फ डोहोऱ्याउन सक्दछ । यस्तै, कहिलेकाहीँ संस्थाको उद्देश्यभन्दा बाहिर जान खोजेमा व्यवस्थापकले नियन्त्रण समेत गर्न सक्दछ, जसबाट संस्थालाई सही र ठिक दिशामा ल्याउन सकिन्छ ।

प्राथमिक शिक्षामा स्रोत व्यवस्थापन सम्बन्धी अवधारणा राष्ट्रिय र अन्तर्राष्ट्रिय समुदायको चासोको विषय बनेको पाइन्छ । औपचारिक शिक्षाको जगमा रहेको प्राथमिक शिक्षा आम जनताको शिक्षा हो । प्राथमिक शिक्षा जति गुणात्मक हुन्छ, औपचारिक शिक्षाको जग उति नै मजबुत हुने भएकाले प्राथमिक शिक्षामा चासो उच्च रहेको हुन्छ । प्राथमिक शिक्षाले कृषि पैदावरमा वृद्धि, व्यक्तिगत आयमा वृद्धि, जन्मदरमा नियन्त्रण, स्वास्थ्य र पोषणमा अभिवृद्धि गर्न सहयोग गर्दछ । यसका साथै प्राथमिक शिक्षाले राष्ट्रिय भावनाको वृद्धि गराई एकताको विकास गर्न, सामाजिक, सहिष्णुताको विकास गर्न, स्रोतको औचित्यपूर्ण रूपमा उपभोग गर्न, महिलाहरूको स्थितिमा सुधार गर्न तथा द्रुतगतिमा विस्तार भइरहेको प्रविधिलाई अँगाल्न मद्दत पुऱ्याउँछ । यसरी जनजीवनको स्तर बढाई देशलाई प्रगतिको बाटोमा लैजान प्राथमिक शिक्षा अपरिहार्य मानिएको छ । शिक्षाको यो पहिलो खुड्किलो मात्र होइन, यसलाई जगकै रूपमा लिन सकिन्छ । यसकारण यस तहको शिक्षालाई धेरै राष्ट्रले महत्त्वपूर्ण स्थान दिएको र सो अनुरूप नै लगानी गर्दा आएको पाइन्छ (पाठ्यक्रम विकास केन्द्र, २०५७) ।

नेपालमा प्राथमिक शिक्षाको विगतलाई नियाल्ने हो भने आजभन्दा एक शताब्दी अघितिर फर्कनु पर्ने हुन्छ । नेपालमा एक शताब्दिभन्दा पहिले गुरुकुल तथा धार्मिक संस्थाहरूमा परम्परागत शिक्षा प्रणालीको प्रभुत्व थियो । वि.सं. १९५९ सालमा प्रधानमन्त्री देव समशेरको पालामा सर्वसाधारण जनताका लागि साधारण शिक्षाको व्यवस्था गरियो । त्यसताका ५७ वटा भाषा पाठशालाहरू खुले । यसअघि वि.सं. १९१० सालमा नै राणा प्रधानमन्त्री जङ्गबहादुर राणाले थापाथलीमा आफ्ना नातेदारलाई शिक्षा दिने व्यवस्था मिलाएका थिए । वि.सं. १९९६ सालमा शिक्षाको व्यवस्था गर्न एक इस्तिहार जारी भयो, संवत् २००७ सालमा प्रजातन्त्रको अभ्युदयपछि प्राथमिक शिक्षालाई जोड दिँइदै आएको पाइन्छ र पञ्चवर्षिय योजनाहरूमा प्राथमिक शिक्षालाई बढी जोड दिदै आइएको छ ।

वि.सं. १९१० असोजमा जङ्गबहादुर राणाले स्थापना गरेको अङ्ग्रेजी स्कुलमा Mr. Cunning लाई प्रिन्सिपल र Mr. Ross लाई विद्यालय सुपरभाइजरको रूपमा नियुक्त गरेका थिए । वि.सं. १९१५ मा शिक्षा विभाग खडा गरी छोरा बबरजङलाई पहिलो डाइरेक्टर जनरल अफ पब्लिक इन्ट्रक्सन नियुक्त गरे । वि.सं. १९४८ मा वीरसमशेरले सर्वसाधारण जनतालाई पनि स्थान दिए । तीनधारा संस्कृत पाठशाला स्थापना गराए । वि.सं. १९५७ मा नै सुधारवादी र उदारवादी भनेर चिनिने देवसमशेर प्रधानमन्त्री बने । उनले प्राथमिक शिक्षालाई सर्वसुलभ बनाउने प्रयास गरे । जयपृथ्वीवहादुर सिंह उनका शैक्षिक सल्लाहकार थिए । उनले लेखेको अक्षराङ्क शिक्षा नामक पाठ्यपुस्तक देवसमशेरले निःशुल्क वितरण गराएका थिए । उनले उपत्यकामा ५० वटा र उपत्यका भन्दा बाहिर १०० वटा भाषा पाठशाला स्थापना गराए (भट्टराई, २०६५) । राणाकालीन समयमा प्राथमिक शिषाका लागि केही मात्रामा पहल  भए पनि यो सन्तोषजनक छैन । वि.सं. २००७ सालमा प्रजातन्त्रको अभ्युदयसँगै मुलुकभरी प्राथमिक शिक्षा प्रदान गर्न सयौं विद्यालयहरू खुले र प्राथमिक शिक्षाको स्रोत व्यवस्थापन गर्ने जिम्मा स्वयम् समुदायले गर्ने प्रयास थालनी भएको पाइन्छ ।

राज्यको आधारभूत कार्य भनेको मुलुकका सबै जनतालाई प्राथमिक शिक्षा उपलब्ध गराउनु रहेको हुन्छ । यसका लागि प्राथमिक शिक्षाका निमित्त स्रोतहरूको व्यवस्थापन गर्नुपर्ने हुन्छ । शिक्षण सिकाई प्रक्रियालाई प्रभावकारी बनाउनमा मानवीय, आर्थिक, भौतिक र अन्य पक्षहरूको व्यवस्थापनमा ध्यान दिनुपर्दछ । स्रोत व्यवस्थापनको अभावमा प्राथमिक विद्यालयहरू सहज ढङ्गले अगाडि बढ्न सक्दैनन् । विद्यालयहरूमा पऱ्याप्त शिक्षक/कर्मचारी र पर्याप्त भवन तथा भौतिक सुविधाहरू जुटाउन नसकिएमा शैक्षिक गुणस्तर अभिवृद्धि माथि प्रश्नचिह्न लाग्दछ । राज्यले शिक्षामा वर्षेनी बजेट बढाउँदै गएको पाइन्छ । राष्ट्रिय शिक्षा आयोग, २०४९ ले कुल बजेटको १५ प्रतिशत रकम छुट्याउनु पर्ने सिफारिस गरेको थियो । यस्तै, उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०५५ ले कुल गार्हस्थ उत्पादनको ३.४ प्रतिशत वा कुल सरकारी बजेटको १७ प्रतिशत रकम छुट्याउनु पर्ने सिफारिस गर्यो । शिक्षा सम्बन्धी उच्चस्तरीय कार्यसमिति, २०५८ ले शिक्षण संस्थाहरूलाई एकमुष्ट अनुदान दिनुपर्ने कुरा औंल्यायो (खनाल, २०६१) । शिक्षा क्षेत्रको विकासका लागि सरकारले आधारभूत तहमा प्राथमिकता दिई प्राथमिक तहमा सन् २००१/०२, २००२/०३ र २००३/०४ मा क्रमशः ५५.४ प्रतिशत, ५९.२ प्रतिशत र ५८.४ प्रतिशत स्रोत व्यहोरेको पाइन्छ । विगत लामो समयदेखि शिक्षामा कुल गार्हस्थ उत्पानको २.७ प्रतिशत खर्च गर्दै आइएको छ (खनाल, २०६१) । यसैगरी सरकारले कुल बजेटको १४ प्रतिशत अर्थात् कुल ग्राहस्थ उत्पादनको ३.५

प्रतिशत रकम खर्च गरेको पाइन्छ र करिब ५५ प्रतिशत सरकारी लगानी प्राथमिक विद्यालयमा रहेको पाइन्छ (आ.प्रा.शि.प., सन् २००२) ।

सरकारले अन्तर्राष्ट्रिय रूपमा सर्वसुलभ ढङ्गले सबै जनतालाई प्राथमिक शिक्षा प्रदान गर्ने प्रतिबद्धता जनाइ सकेको छ । 'सबैका लागि शिक्षा' कार्यक्रम समेत लागू भइरहेको छ । अझै पनि १८ प्रतिशत विद्यार्थीहरू प्राथमिक विद्यालय बाहिर छन् । तिनीहरूलाई प्राथमिक शिक्षा प्रदान गर्नु चुनौतीपूर्ण छ । कतिपय पिछडिएका वर्ग, जात, जाति र समुदायका एवम् भौगोलिक रूपले विकट स्थानहरूमा यो समस्या अझ बढी छ (बिष्ट, २००४) । त्यसैले प्राथमिक विद्यालयमा आवश्यक स्रोतहरूको व्यवस्थापन मार्फत् सबैका लागि शिक्षा प्रदान गरिनु अत्यावश्यक भइसकेको छ । यो अध्ययन प्राथमिक विद्यालयहरूका स्रोत व्यवस्थापन कसरी र कुन रूपमा भइरहेको छ भन्ने सम्बन्धमा केन्द्रित रहेको छ ।

## १.२ समस्याको कथन

नेपालका अधिकांश विद्यालयहरूले स्रोत व्यवस्थापनको समस्या भोगिरहेका छन् । कतिपय विद्यालयमा आवश्यक शिक्षक तथा कर्मचारीको व्यवस्था छैन । भौतिक सुविधाहरूको अभावले विद्यार्थीहरूलाई खुल्ला स्थानमा पढाउनु पर्ने स्थिति विद्यमान छ । यस्ता समस्याहरू मूलतः मानवीय, आर्थिक र भौतिक स्रोत व्यवस्थापनको विषयमा केन्द्रित छन् । विद्यालयहरूमा शिक्षक व्यवस्थापनको मुद्दा गम्भीर रूपमा उठेको अवस्था विद्यमान छ । यो अध्ययन प्राथमिक विद्यालयको मानवीय संसाधन र भौतिक स्रोत व्यवस्थापनमा केन्द्रित छ । प्राथमिक तहमा साना साना बालकालिकाहरू हुने हुनाले उनीहरूका लागि विद्यालय भवन, खेल मैदान तथा फर्निचरहरू बालमैत्री छन् ? प्राथमिक स्तरका बालबालिकाका आवश्यकता अनुसारका खेल सामग्रीहरू उपलब्ध छन् ? के उनीहरूले उमेर अनुसारका शैक्षिक सामग्रीहरू पाएका छन् कि छैनन् ? जस्ता समस्याहरू देखिएको हुनाले भौतिक स्रोतको व्यवस्थापनले शैक्षिक गुणस्तरमा कस्तो असर परिरहेको छ ? जस्ता समस्याहरूलाई मध्यनजर गरी अनुसन्धानकर्ताले सामुदायिक प्राथमिक विद्यालयमा शिक्षक र भौतिक स्रोत व्यवस्थापनका बारेमा अध्ययन गर्न खोजिएको छ ।

## १.३ अध्ययनको औचित्य

विद्यालयको उद्देश्यहरू परिपूर्ति गरी राष्ट्रिय लक्ष्य प्राप्त गर्न मानवीय, भौतिक र आर्थिक स्रोत लगायतका पक्षहरूको व्यवस्थापन गर्नुपर्ने हुन्छ । खासगरी मानवीय र भौतिक स्रोत व्यवस्थापनको

चुनौती सबै विद्यालयले सामना गरिरहेका विषयहरू हुन् । विद्यालयमा एकातिर पर्याप्त शिक्षक तथा कर्मचारीहरू छैनन् भने अर्कातिर भौतिक साधनहरू अपर्याप्त छन् । यसले शैक्षिक लक्ष्य प्राप्त गर्ने दिशामा अवरोध खडा गरेको छ । जबसम्म संस्थामा संलग्न जनशक्तिहरूको मनोबल/आत्मबल बलियो हुँदैन तबसम्म अपेक्षित उपलब्धि हासिल गर्न सकिँदैन । त्यसैले, यो अध्ययन यिनै मुलभूत मुद्दाहरूमा केन्द्रित रहेको छ ।

प्राथमिक विद्यालयको भौतिक स्रोत व्यवस्थापनको वास्तविकताको खोजी र यसले शैक्षिक गुणस्तरमा पार्ने प्रभावमा यो अध्ययन केन्द्रित रहनेछ, जसबाट विद्यालयको भौतिक स्रोत व्यवस्थापनको विद्यमान स्थितिको ज्ञान हुनेछ र यस्तो स्थितिको पहिचान तथा ज्ञानबाट आउने निष्कर्षका आधारमा आगामी दिनमा नीति निर्माता र कार्यक्रमविद्हरूलाई सहयोग पुऱ्याउने आशा गरिएको छ ।

## १.४ अध्ययनका उद्देश्यहरू

यस अध्ययनमा निम्नानुसारका उद्देश्यहरू रहेका छन् -

क) प्राथमिक विद्यालयको भौतिक स्रोत (विद्यालय भवन, खेल मैदान, फर्निचर, पुस्तकालय, प्रयोगशाला, शैक्षिक सामग्री, खेलकुद सामग्री) व्यवस्थापनको अवस्था अध्ययन गर्नु,

ख) विद्यालयमा रहेको भौतिक स्रोत व्यवस्थापनका चुनौतीहरूको पहिचान गर्नु,

ग) शैक्षिक गुणस्तरका चुनौतीहरू पहिचान गरी उपायहरू सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

माथि उठाइएका विभिन्न सवालहरूसँग सम्बन्धित प्रश्नहरूलाई एकीकृत रूपमा समेट्दै निम्न अनुसन्धानात्मक प्रश्नहरू राखिएको छ :

क) सामुदायिक प्राथमिक विद्यालयमा भौतिक स्रोत व्यवस्थापनको वास्तविक स्थिति के कस्तो छ ?

ख) भौतिक स्रोत व्यवस्थापनले शैक्षिक गुणस्तरमा कस्तो प्रभाव पारेको छ ?

ग) भौतिक स्रोत व्यवस्थापनको मुद्दा र समस्याहरू के-के हुन् ?

घ) उक्त समस्या र मुद्दाहरूको सामना विद्यालयहरूले कसरी गरिरहेका छन् ?

ङ) शैक्षिक गुणस्तरका मुद्दा र समस्याहरू के-के हुन् ?

च) सरोकारवालाहरूले विद्यालयको भौतिक स्रोत व्यवस्थापनले शैक्षिक गुणस्तरको दिशामा के कस्तो दृष्टिकोण लिएका छन् ?

छ) नेपाल सरकारले विद्यालयको मानवीय संसाधन र भौतिक स्रोत व्यवस्थापनको सम्बन्धमा लिएका नीतिहरू के-कस्ता छन् ?

## १.६ अध्ययनको परिसीमा

यो अध्ययन सिकाइको प्रभावकारिताका विविध पक्षहरू मध्ये भौतिक स्रोत व्यवस्थापनले शैक्षिक गुणस्तरमा पारेको प्रभावमा मात्र सीमित रहेको छ । यो अध्ययन सुनसरी जिल्ला अन्तर्गत इटहरी नगरपालिकामा अवस्थित ३ वटा र पकली गा.वि.स.मा अवस्थित ३ वटा सामुदायिक प्राथमिक विद्यालयमा मात्र सीमित रहेको छ ।

यो अध्ययनमा अन्तर्वार्ता, प्रश्नावली, अवलोकन र छलफल जस्ता अनुसन्धानका साधानहरू रहेका छन् । प्रत्यक्ष अन्तर्वार्ताका अलावा, अनौपचारिक धारणाहरू बटुल्न विद्यार्थी र तिनका अभिभावकको समेत सहयोग लिइएको छ ।

यस अध्ययनमा मूलत प्राथमिक तहको विद्यालयका सरोकारवाला व्यक्तिहरू, अभिभावक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक तथा शिक्षकहरूलाई मात्र समेटिएको छ ।

## १.७ विशिष्ट शब्दावलीहरूको परिभाषा

समुदाय - अध्ययनको कुनै पनि क्षेत्रमा बसोबास गर्ने सामाजिक समूह जसमा ‘हामी’ को भावना पाइन्छ ।

सामुदायिक विद्यालय- नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त अध्ययन क्षेत्रको विद्यालय

प्राथमिक विद्यालय - अध्ययन क्षेत्रको कक्षा १ देखि कक्षा ५ सम्म शिक्षा दिइने विद्यालय

विद्यालय व्यवस्थापन समिति - अध्ययन क्षेत्रको विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्ने शिक्षा ऐन/नियम अनुसार गठित समिति

सिकाइ उपलब्धि - नमुना विद्यालयका विद्यार्थीहरूले शिक्षण सिकाइ क्रियाकलाप पछि हासिल गर्ने पाठ्यक्रमले निर्दिष्ट गरेका शैक्षणिक उद्देश्य

पाठ्यक्रम - सरकारले तहगत रूपमा राखिएको शैक्षणिक उद्देश्यहरूको सुसंगठित कार्य योजना

शैक्षिक अवस्था - विद्यार्थीहरूको भर्ना विवरण, उत्तीर्ण, कक्षा दोहोऱ्याउने, बीचैमा कक्षा छाड्ने विद्यार्थी सङ्ख्या, विषयगत सिकाइ उपलब्धि, औसत सिकाइ उपलब्धिको अवस्था

मानवीय संसाधन - संस्था सञ्चालनका लागि परिचालन गरिएको व्यक्ति

भौतिक स्रोत - संस्था सञ्चालनका लागि आवश्यक कक्षाकोठा, फर्निचर, खेलमैदान, पर्खाल, शैक्षिक सामग्री, खेलकुद सामग्री, प्रयोगशाला, पुस्तकालय आदि ।

व्यवस्थापन - कुशलतापूर्वक साधन र स्रोतको परिचालन गर्ने कार्य

शिक्षक - विद्यालयमा अध्यापन गराउने व्यक्ति

अभिभावक - सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाहरूका बाबु, आमा, दाजु, दिदी वा संरक्षक

# परिच्छेद - दुई

# सैद्धान्तिक खाका तथा सम्बन्धित साहित्यको पुनरावलोकन

## २.१ अध्ययनको सैद्धान्तिक खाका

यस अध्ययनलाई वस्तुगत बनाउनका निमित्त मुख्यतः वैज्ञानिक व्यवस्थापनको सिद्धान्तलाई हेरिएको छ ।

कुञ्च र वडरिच (१९९१) मा उल्लेख भए अनुसार फ्रेडरिक टेलरले वैज्ञानिक व्यवस्थापनका सम्बन्धमा नवीन विचारहरू दिएका छन् । टेलरले व्यवस्थापन कार्य गर्दा समस्याको समाधान वैज्ञानिक ढङ्गले गर्नुपर्दछ भन्ने कुरामा जोड दिँदै उनले वैज्ञानिक विधि अन्तर्गत अवलोकन, मूल्याङ्कन, प्रयोगीकरण र निचोड तत्त्वहरू समावेश गरेका छन् । टेलरको सिद्धान्तमा व्यवस्थाकले कार्यको जिम्मेवारी लिनुपर्ने जस्ता कुरामा जोड दिएका  छन् । यस विधिले कार्य सम्पादनमा द्रुतता बढाउने, दक्षता बढाउने, सहयोग र उत्प्रेरणा प्रदान गर्दछ । जसले गर्दा संस्थाको लक्ष्य सहज ढङ्गले प्राप्त गर्न सकिने कुरा उल्लेख छ (ढकाल,  २०६५) ।

टेलर (१९१५) मा कामदारको परम्परागत कार्यशैलीलाई परिवर्तन गरी वैज्ञानिक बनाउनु पर्छ । कामदारको छनोट वैज्ञानिक प्रकारबाट गर्नुपर्छ, छानिएका कामदारलाई तालिम दिनुपर्छ तथा दक्षतापूर्वक काम सिकाउनु पर्छ । वैज्ञानिक ढङ्गबाट काम हुने गरी व्यवस्थापक र कामदार बीच आत्मीय सहयोग, सम्बन्ध र सामञ्जस्यता स्थापित गर्नुपर्छ । कामदारलाई कार्य प्रति अधिकतम उपलब्धि हासिल गर्ने ढङ्गले परिचालन गर्नुपर्छ । बढी काम गर्नेलाई बढी ज्याला दिनुपर्छ भन्ने विषयहरू समेटिएका छन् (ढकाल, २०६५) ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

प्राथमिक विद्यालयको शिक्षक व्यवस्थापनको सम्बन्धमा अध्ययन तथा अनुसन्धानहरू भएका छन् । यद्यपि, उपलब्ध अध्ययन तथा अनुसन्धानहरूले सम्पूर्ण पक्षलाई समेट्न सकेको पाइदैन । पूर्व साहित्यको अध्ययनबाट यस अनुसन्धानात्मक कार्यको औचित्य पुष्टी गर्ने भएकाले सम्बन्धित साहित्य/अनुसन्धानहरूको अध्ययन विश्लेषण संक्षेपमा गरिएको छ ।

यस अन्तर्गत व्यवस्थापकीय सिद्धान्तहरूलाई उल्लेख गरिनुका साथै शिक्षा नियमावली र आधारभूत तथा प्राथमिक विद्यालय परियोजनाले मानवीय संसाधन तथा भौतिक स्रोत व्यवस्थापनका सम्बन्धमा

बनाइएका मापदण्डहरूलाई राखिनेछ । साथै, अनुसन्धानको आधार समेत तिनै सामग्रीलाई बनाइएको छ ।

नेपाल राष्ट्रिय शिक्षा योजना आयोग (२०११) ले पहिलो पल्ट शैक्षिक व्यवस्थापनको पक्षलाई उजागर गरेको थियो । त्यसपछि बनेका सर्वाङ्गीण राष्ट्रिय शिक्षा आयोग (२०१८), राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८), राष्ट्रिय शिक्षा आयोग (२०४९) ले मानवीय संसाधन तथा भौतिक स्रोतको व्यवस्थापनको पक्षलाई उजागर गरेका छन् ।

विष्ट (२००४) ले उल्लेख गरे अनुसार आधारभूत तथा प्राथमिक शिक्षा परियोजना लागू हुनुपूर्व प्राथमिक विद्यालयमा सीमित रूपमा व्यवस्थापकीय क्षमता थियो । अधिकांश शिक्षकहरू तालिम अप्राप्त थिए भने शिक्षण प्रति लगनशील पनि थिएनन् । विद्यालयमा प्रेरणाको कमी हुनुका साथसाथै शैक्षिक वातावरणको अभाव थियो । तालिमप्राप्त शिक्षकहरूले पनि आफूले प्राप्त गरेको ज्ञान र सीपको कक्षाकोठामा व्यवहारिक प्रयोग गर्ने गरेको पाइएन ।

दार्चुला जिल्लामा अध्ययन गरिएका अधिकांश विद्यालयहरूमा आवश्यक मात्रामा शिक्षकहरू उपलब्ध छैनन् । उपलब्ध भएका शिक्षकहरू मध्ये पनि कतिपय तालिम अप्राप्त छन् । तालिम प्राप्त शिक्षकहरूले पनि तालिमबाट सिकेका कुरालाई पूर्ण रूपमा लागू गरेका छैनन् । धैरैजसो विद्यार्थीहरू विद्यालयमा नियमित उपस्थित नहुने गरेको पाइयो । विद्यालयमा प्रधानाध्यापकहरू विद्यालयको समय तालिका अनुसार चल्ने गरेको पाइएन । ६१.५४ प्रतिशत प्रधानाध्यापकहरू १०:३० देखि ३:०० बजेसम्म उपस्थित हुने गरेको पाइयो । अधिकांश प्रधानाध्यापकहरू खासगरी खेतीको समयमा अनुपस्थित हुने पाइयो । मानव स्रोतको व्यवस्थापनमा न त प्रधानाध्यापकले चासो राखेर काम अघि बढाउँछन् न त विद्यालय व्यवस्थापन समितिले सक्रियता देखाउने गरेको पाइयो ।

भौतिक स्रोतको व्यवस्थापनको अवस्था अन्तर्गत पर्ने विद्यालय भवन अध्ययन गरिएको क्षेत्रमा अनुकूल पाइएन । करिब ९१ प्रतिशत विद्यालय भवनहरू विद्यार्थीका लागि उपयुक्त नभएको पाइयो । अधिकांश (६०.९%) विद्यालयका छानो चुहिएर शिक्षण कार्यहरू प्रभावित हुने गरेको पाइएको छ । यसैगरी ३१.५८ प्रतिशत विद्यालयहरूमा कालोपाटी समेत नभएको, ३८.४६ प्रतिशत विद्यालयमा विद्यार्थीका लागि कक्षाकोठामा पर्याप्त ठाउँ नभएको, ७६.९२ प्रतिशत विद्यालयमा शौचालय तथा खेल मैदानको छुट्टै व्यवस्था नभएको, ८४.६२ प्रतिशत विद्यालयमा शुद्ध खानेपानीको व्यवस्था नभएको, अधिकांश विद्यालयमा फर्निचरको अभाव रहेको पाइएको छ (विष्ट, २००४ : ३९) ।

विद्यालयको आर्थिक तथा भौतिक अवस्थाले शिक्षक व्यवस्थापनमा प्रधानाध्यापकलाई कठिनाई भएको देखिएको छ । विद्यालयको भौतिक अवस्था कमजोर छ, कक्षाकोठाको आकारका कारण शिक्षकले आवश्यक शिक्षण विधि तथा शैक्षिक सामग्रीको प्रयोग गर्न नसकेको पाइएको छ भने आर्थिक एवम् भौतिक तत्त्वका कारण प्र.अ.ले चाहेर पनि मानव स्रोत व्यवस्थापनमा सफलता प्राप्त गर्न नसकेको देखिएको छ (पाठक, २०६५ : ४०) ।

सेरिड (२००२) को प्रतिवेदनले प्राथमिक विद्यालयमा हुने कुल खर्चमध्ये करिब ८० प्रतिशत खर्च तलब भत्तामा हुने, करिब ९ प्रतिशत विद्यालय मर्मत तथा फर्निचरमा हुने, करिब ३ प्रतिशत स्टेसनरी र शैक्षणिक सामग्रीको खरिदमा, २ प्रतिशत अतिरिक्त क्रियाकलाप र छात्रवृद्धिमा हुने र बाँकी ६ प्रतिशत अन्य कार्यक्रममा खर्च गरिने उल्लेख गरेको छ । यसैगरी सो प्रतिवेदनले अधिकांश सामुदायिक विद्यालयले विद्यालयमा प्राप्त अनुदानलाई शिक्षक तलब र स्टेसनरीमा गरिने उल्लेख गरेको छ भने नमुनामा छानिएका ४१ प्रतिशत विद्यालयसँग शौचालय सुविधा प्राप्त छैन र ७४ प्रतिशत विद्यालयमा छात्र छात्राका लागि छुट्टै शौचालयको व्यवस्था छैन । यसैगरी ३१ प्रतिशत विद्यालयमा पर्याप्त खानेपानीको सुविधा उपलब्ध छैन ।

उक्त प्रतिवेदनमा अगाडि उल्लेख गरिएको छ कि विद्यालयहरूमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न आवश्यक पर्ने शैक्षिक सामग्री जस्तै कालोपाटीको व्यवस्था गर्न विद्यालयहरूमा बजेटको अभाव रहेको छ । ६.३ प्रतिशत विद्यालयका कक्षाकोठाहरूमा कालोपाटीको व्यवस्था समेत छैन भने २५ प्रतिशत विद्यालयहरूले एक अर्को कक्षामा साटफेर गरेर कालोपाटीको प्रयोग गर्दछन् । कक्षाकोठामा प्रकाशको व्यवस्था तथा भेन्टिलेसनको व्यवस्था धेरै विद्यालयहरूमा सन्तोषजनक छैन । अधिकांश (९१%) उत्तरदाताहरूले विद्यालयको उचित व्यवस्थापनका लागि आर्थिक स्रोतको अभाव रहेको बताएका थिए । फर्निचरको अभाव, कक्षाकोठामा पर्याप्त ठाउँको अभाव, सरसफाइको अभाव, स्टेसनरी सामानको अपर्याप्तता लगायतका भौतिक पक्षका समस्याहरू मुख्य रूपमा विद्यालयले भोगिरहेका छन् (सेरिड, २००२) ।

नेपालमा लागू भएको आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाको पहिलो चरणमा विद्यालय स्तरको व्यवस्थापनका लागि प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरूलाई तालिम प्रदान गर्ने र विद्यालयको भौतिक सुविधाहरूमा सुधार गर्ने कार्य प्रारम्भ गरियो । आधारभूत प्राथमिक शिक्षा परियोजनाले स्रोत व्यवस्थापनका क्षेत्रमा निम्न मुद्दाहरू प्रस्तुत गरेको थियो :

**क) अपर्याप्त अनुदान**

सरकारले कुल शिक्षा खर्चको झण्डै ५५ प्रतिशत बजेट शिक्षामा खर्च गर्दछ, जसको सानो भाग गुणस्तर सुधारमा खर्च गरिन्छ भने खर्चको ठूलो हिस्सा विद्यालयको सुविधाहरूको बृद्धिमा लगाइन्छ ।

**ख) व्यवस्थापकीय क्षमताको अभाव र अपर्याप्त संस्थागत सहयोग**

शैक्षिक सेवा प्रदान गर्ने संस्थाहरूसँग शैक्षिक विकास कार्यक्रमहरू सञ्चालन गर्न सीमित क्षमता रहेको छ । जस्तै तालिम प्राप्त व्यक्तिहरूको अभाव, स्रोतको अभाव, भरपर्दो सुचनाकेन्द्रको अभाव, निर्णय प्रक्रियाको अभाव आदि । यद्यपि, शिक्षा मन्त्रालयले केन्द्रीय, जिल्ला र विद्यालय स्तरमा व्यवस्थापन सुधारमा योजना तथा कार्यक्रमहरू तयार गरिरहेको छ ।


**२.३ अवधारणात्मक ढाँचा**

कुनै पनि प्रकारको व्यवस्थापन कार्य गर्दा समस्याको वैज्ञानिक ढङ्गले समाधान खोजिएमा संस्थाको लक्ष्य सहज ढङ्गले प्राप्त गर्न सकिन्छ । वैज्ञानिक व्यवस्थापनको सिद्धान्तले कार्यगत सङ्गठनको प्रयोग, मानसिक परिवर्तन, कामदारको छनोट व्यवस्था र तालिम कार्यक्रम लगायतका कुराहरू वैज्ञानिक हुनु पर्ने जोड दिएको छ । जसले विद्यालयको मानवीय संसाधन र भौतिक स्रोतको व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने कुरालाई उजागर गर्न सहयोग गर्दछ ।

यसरी प्राथमिक विद्यालयको मानवीय संसाधन र भौतिक स्रोत व्यवस्थापनका सम्बन्धमा गरिएका विभिन्न अनुसन्धानहरूले मानवीय संसाधनको अभाव र तिनको परिचालन सुव्यवस्थित ढङ्गले हुन नसकेको तथा विद्यालयहरूमा पर्याप्त मात्रामा भौतिक सुविधाहरूको अभाव रहेको उल्लेख गरेका छन् ।

यसरी भौतिक स्रोत व्यवस्थापन वैज्ञानिक ढङ्गले गर्न सकिएमा पाठ्यक्रमले लिएको अपेक्षित लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न सकिनुका साथै त्यसले राष्ट्रिय शिक्षा विकासमा समेत थप मद्दत गर्न सक्दछ । विद्यालय तहको शैक्षिक प्रणालीलाई चुस्त र दुरुस्त राख्न त्यहाँको मानवीय संसाधन, भौतिक तथा आर्थिक स्रोतहरूको समुचित प्रयोग जरूरी हुन्छ । व्यवस्थापनका सम्बन्धमा आइपर्ने समस्याहरूलाई सरल एवम् सहज ढङ्गबाट समाधान गर्न सकिएमा शिक्षाको गुणस्तर अभिवृद्धि हुने आशा गर्न सकिन्छ । त्यसैले यस अध्ययनबाट विद्यालय तहको शिक्षक व्यवस्थापनको बारेमा विविध सूचना, जानकारी तथा तथ्याङ्कहरू प्राप्त हुने हुनाले त्यसबाट प्राप्त निष्कर्षका आधारमा विद्यालयले

राखेका लक्ष्य तथा उद्देश्यहरू सरल एवम् प्रभावकारी ढङ्गबाट हासिल गर्न सकिन्छ । यसैलाई अध्ययनको शैक्षिक उपादेयताको रूपमा लिन सकिन्छ ।



# परिच्छेद - तीन

# अध्ययन विधि

## ३.१ अनुसन्धान ढाँचा

प्राथमिक विद्यालयको भौतिक स्रोत व्यवस्थापनको अवस्था अध्ययन गर्ने र व्यवस्थापनका सवालमा देखिएका चुनौती पहिचान गर्ने मूल उद्देश्य राखेर अध्ययन गर्न लागिएको यो शोधपत्र वर्णनात्मक अनुसन्धान ढाँचामा आधारित रहेको छ । अनुसन्धानका लागि आवश्यक पर्ने सूचना, तथ्याङ्क तथा जानकारीहरू सङ्कलन गर्न अवलोकन, प्रश्नावली, अन्तर्वार्ता र समूह केन्द्रित छलफलजस्ता अनुसन्धानका औजारहरूको प्रयोग गरिएको छ । जसलाई तलको तालिका अनुसार देखाइएको छ :

| क.सं. | उद्देश्यहरू | साधनहरू | प्रतिक्रियादाताहरू |
|---|---|---|---|
| १ | प्राथमिक विद्यालयको भौतिक स्रोत व्यवस्थापनको अवस्था अध्ययन गर्नु | विद्यालय अवलोकन फारम | - प्रधानाध्यापक |
| २ | विद्यालयमा रहेको भौतिक स्रोत व्यवस्थापनका चुनौतीहरू पहिचान गर्नु, | प्रश्नावली, अन्तर्वार्ता अनुसूची | - प्रधानाध्यापक<br>- शिक्षक<br>- वि.व्य.स.अध्यक्ष |
| ३ | भौतिक स्रोतको प्रभावकारी व्यवस्थापनका लागि उपायहरू सुझाउनु । | लक्षित समूह छलफल | - प्रधानाध्यापक<br>- शिक्षक<br>- वि.व्य.स.अध्यक्ष<br>- अभिभावक |

## ३.२ अध्ययनको जनसङ्ख्या

यस अध्ययनका लागि सुनसरी जिल्लाको इटहरी स्रोतकेन्द्र भित्र इटहरी नगरपालिका अन्तर्गत र भा.सि.स्रोतकेन्द्र भित्र पर्ने पकली गा.वि.स.मा सञ्चालित सामुदायिक प्राथमिक विद्यालय, त्यसका सरोकारवाला पक्ष, कार्यरत प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति, स्रोतव्यक्ति, वि.नि.समेतलाई यस अध्ययनको जम्मा जनसङ्ख्याको रूपमा लिइएको छ ।

## ३.३ नमुना छनोट

यस अध्ययनका लागि समान सम्भाव्यताको आधारमा विद्यालय, प्र.अ., वि.व्य.स.का अध्यक्ष तथा सदस्यहरू, शिक्षक, विद्यार्थी र अभिभावकलाई छनोट गरिएको छ ।

### ३.३.१ विद्यालय र प्र.अ.को छनोट

भा.सि.स्रोतकेन्द्रबाट तीन वटा र इटहरी स्रोतकेन्द्रबाट तीन वटा विद्यालय गरी जम्मा ६ वटा विद्यालय र उक्त विद्यालयका ६ जना प्र.अ.हरूलाई छनोट गरिएको छ ।

### ३.३.२ वि.व्य.स.अध्यक्ष तथा सदस्यहरूको छनोट

नमुना छनोटमा परेका विद्यालयका विद्यालय व्यवस्थापन समितिको अध्यक्ष १ जना र २ जना सदस्यहरूको छनोट गरिएको छ ।

### ३.३.३ शिक्षक छनोट

नमुना छनोटमा परेका प्रत्येक विद्यालयबाट १ जना महिला र १ जना पुरुष शिक्षक पर्नेगरी जम्मा १२ जना शिक्षकहरू छनोट गरिएको छ ।

### ३.३.४ अभिभावक र विद्यार्थी छनोट

प्रत्येक नमुना विद्यालयबाट २ जना अभिभावक गरी जम्मा १२ जना तथा १ जना छात्र र १ जना छात्रा पर्नेगरी जम्मा १२ जना विद्यार्थीहरू छनोट गरिएको छ ।

### ३.३.५ नमुनाको आकार

इटहरी नगरपालिका भित्र जम्मा १३ वटा विद्यालयहरू छन् । जसमध्ये ५ वटा शुद्ध प्रा.वि., २ वटा नि.मा.वि. र ६ वटा माध्यमिक विद्यालयहरू छन् । यस अध्ययनमा शुद्ध प्रा.वि.हरूमध्येबाट २ वटा, नि.मा.वि.बाट २ वटा र माध्यमिक विद्यालयबाट २ वटा गरी जम्मा ६ वटा विद्यालयलाई उद्देश्यमूलक नमुनाको रूपमा छनोट गरिनेछ । यसलाई निम्न तालिकामा राखिएको छ -

तालिका नं. १

नमुनाको आकार

| क्र. सं. | विवरण | कुल जनसङ्ख्या | छनोटमा परेका जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| 1 | विद्यालय | 13 | 6 | 46=15 |
| 2 | प्रधानाध्यापक | 13 | 6 | 46=15 |
| 3 | शिक्षक/शिक्षिका | - | 12 | - |
| 4 | विद्यालय व्यवस्थापन समितिका अध्यक्ष | 13 | 6 | 46=15 |
| 5 | अभिभावक | | 12 | |
| 6 | विद्यार्थी | | 12 | |

### ३.४ तथ्याङ्कका स्रोतहरू

यो अनुसन्धान गर्न सामुदायिक विद्यालयका प्रधानाध्यापक, व्यवस्थापन समितिका अध्यक्ष तथा शिक्षकहरूलाई नमुनाको रूपमा लिएर प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ भने विद्यालयको अभिलेख र विद्यालयका प्रकाशनहरूलाई आधार मानी द्वितीय स्रोतबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.५ अनुसन्धानका साधनहरू

अध्ययनमा मूलतः अन्तर्वार्ता, अवलोकन र छलफल जस्ता अनुसन्धान औजारहरूको प्रयोग गरी सरोकारवालाहरूको अनुभव र विचारलाई सङ्कलन गरिएको छ । यो अध्ययनमा अन्तर्वार्ता, समूह केन्द्रित छलफल र अवलोकन फारम जस्ता तीन प्रकारका साधनहरूको प्रयोग गरिएको छ ।

#### ३.५.१ अन्तर्वार्ता अनुसूची (प्रश्नावली)

प्राथमिक विद्यालयमा शिक्षक व्यवस्थापनको अवस्थाको जानकारी प्राप्त गर्न अन्तर्वार्ता लिइएको छ । विद्यालयका प्र.अ., शिक्षक तथा वि.व्य.स.अध्यक्षहरूसँग पूर्वनिर्मित प्रश्नावलीको माध्यमबाट

अन्तर्वार्ता लिई सूचना तथा जानकारीहरू सङ्कलन गरिएको छ जसलाई अनुसूची १, २ र ३ मा राखिएको छ ।

### ३.५.२ समूह छलफल

विद्यालयका प्र.अ., शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र अभिभावकहरूसँग विद्यालयको भौतिक स्रोत व्यवस्थापनको सम्बन्धमा छलफल सञ्चालन गरी जानकारी सङ्कलन गरिएको छ जसलाई अनुसूची ४ मा राखिएको छ ।

### ३.५.३ अवलोकन फारम

विद्यालयको भौतिक व्यवस्थापनको अवस्थाको जानकारी प्राप्त गर्न एउटा अवलोकन फारमको निर्माण गरिएको छ । जसबाट विद्यालयको स्रोत व्यवस्थापनका पक्षहरूको सूचना, तथ्याङ्क र जानकारीहरू प्राप्त गर्न सकिन्छ । अवलोकन फारम अनुसूची ५ मा राखिएको छ ।

## ३.६ साधनको वैधता निर्धारण

तथ्याङ्क सङ्कलनका साधनहरूको वैधता निर्धारण गर्न साधनहरूलाई पूर्व परीक्षण गरी विश्लेषण गरिएको छ र शोध निर्देशक तथा विशेषज्ञहरूबाट परीक्षण गराई वैधता निर्धारण गरिएको छ ।

## ३.७ तथ्याङ्क सङ्कलन प्रक्रिया

तथ्याङ्क सङ्कलनका लागि नमुनाको रूपमा लिइएका सबै विद्यालयहरूमा अध्ययनकर्ता आफैँ पुगिएको छ । विद्यालयका प्र.अ., शिक्षक तथा विद्यालय व्यवस्थापन समिति अध्यक्षसँग प्रश्नावलीको माध्यमबाट अन्तर्वार्ता लिइएको छ । साथै विद्यालयको भौतिक स्रोत व्यवस्थापन सम्बन्धी जानकारीका लागि विद्यालय अवलोकन फारमको प्रयोग गरिएको छ । यसैगरी प्र.अ., शिक्षक र समितिका अध्यक्षहरूलाई समेटी समूह केन्द्रित छलफल गरी सूचना तथा जानकारीहरू सङ्कलन गरिएको छ ।

## ३.८ तथ्याङ्कको विश्लेषण र व्याख्या

सङ्कलित तथ्याङ्कहरूलाई सैद्धान्तिक एवम् प्रतिशतमा राखी विश्लेषण गरिएको छ । सङ्कलन गरिएका तथ्याङ्कहरूलाई सिद्धान्तसँग सम्बन्धित गर्दै व्याख्या एवम् विश्लेषण गरिएको छ । साथै

तथ्याङ्कलाई विभिन्न प्रकारका तथ्याङ्कशास्त्रीय विधिहरूको प्रयोगबाट विश्लेषण गरिएको छ । आवश्यकता अनुसार तालिकाहरूमा पनि प्रस्तुत गरिएको छ ।

# परिच्छेद - चार

## तथ्याङ्कको व्याख्या र विश्लेषण

यस अध्ययनमा सुनसरी जिल्ला अन्तर्गत इटहरी उपमहानगरपालिका अन्तर्गत अवस्थित सामुदायिक प्राथमिक विद्यालय र भा.सि.स्रोतकेन्द्र अन्तर्गत अवस्थित सामुदायिक प्राथमिक विद्यालयहरूमा सञ्चालन भएका "भौतिक स्रोत व्यवस्थापन र शैक्षिक गुणस्तरमा त्यसको प्रभाव" सन्दर्भमा प्राप्त जानकारी सूचना तथा तथ्याङ्कलाई प्रस्तावनामा उल्लेख गरिएको उद्देश्य अनुसार क्रमशः उपयुक्त शीर्षक उप-शीर्षकहरूको चयन गरी सामुदायिक विद्यालयहरूमा भौतिक स्रोत साधनको अवस्था, भौतिक स्रोत व्यवस्थापनका चुनौती, त्यसका शैक्षिक गुणस्तरमा पार्ने प्रभाव, शैक्षिक गुणस्तरका चुनौतीहरू पहिचान र त्यसका सामाधानका उपायहरू देखाइएको छ ।

### ४.१ भौतिक स्रोतको व्यवस्थापन

भौतिक स्रोत व्यवस्थापनसँग विद्यालय भवन, खेल मैदान, फर्निचर, पुस्तकालय, प्रयोगशाला, शैक्षिक सामग्री, खेलकुद सामग्री, जग्गा जमिन, चल अचल सम्पत्ति लगायतका कुराहरू सम्बन्धित छन् । त्यसैले सामुदायिक विद्यालयहरूको भौतिक व्यवस्थापनको वास्तविक अवस्था पहिचान गर्न प्राप्त सूचनाहरूको आधारमा निम्न अनुसारको व्याख्या र विश्लेषण गरिएको छ ।

#### ४.१.१ विद्यालय भवन र कक्षाकोठा

विद्यालयमा उपलब्ध भौतिक सुविधाहरूको सम्बन्ध शिक्षाको गुणस्तरीयतासँग गाँसिएको हुन्छ । शिक्षा प्रणालीको लगानीकै रूपमा रहेको भौतिक स्रोत तथा सुविधा अन्तर्गत विद्यालयका भवन र कक्षाकोठा समेत शैक्षिक व्यवस्थापनका आधारभूत पक्षका रूपमा रहेका छन् । शिक्षण सिकाइ क्रियाकलापको वातावरण निर्माण गर्न र प्रभावकारी एवम् अर्थपूर्ण बनाउनका लागि विद्यालयमा उचित किसिमको कक्षाकोठाहरू हुनु पर्दछ । अतः सामुदायिक विद्यालयको कक्षाको वास्तविक अवस्था पहिचान गर्न गरिएको अध्ययनबाट प्राप्त तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. २

विद्यालय भवन र कक्षाकोठाको अवस्था

| विद्यालयको नाम | विद्यालय भवन सङ्ख्या र संरचना | कक्षाकोठा छुट्याएको सङ्ख्या | कार्यालयका लागि छुट्याएको सङ्ख्या |
|---|---|---|---|
| श्री जनता उ.मा.वि. | ६ (५ पक्की, १ अर्धपक्की) | १२ वटा | १ वटा |
| श्री कचना मा.वि. | ४ पक्की | १२ वटा | १ वटा |
| श्री कविर मा.वि. | ५ पक्की | १० वटा | १ वटा |
| श्री शहिद स्मृति नि.मा.वि. | ४ पक्की | ८ वटा | १ वटा |
| श्री जब्दी प्रा.वि. | ३ पक्की | ५ वटा | १ वटा |
| श्री पञ्चायत नि.मा.वि. | ५ पक्की | ८ वटा | १ वटा |

तालिका नं. २ लाई विश्लेषण गर्दा सबै विद्यालयहरूको आ-आफ्नै भवन (पक्की, अर्धपक्की) रहेको पाइयो भने कार्यालय भवन र कक्षाकोठा अलग अलग व्यवस्था भएको पाइयो । जम्मा ६ वटा विद्यालय मध्ये एउटा विद्यालय भवनको संरचना अर्धपक्की प्रकृतिको पाइयो भने बाँकी अन्यको पक्की संरचना पाइयो । जनता, कविर र कचना विद्यालयमा मा.वि. समेत सञ्चालन भएकाले भवन सङ्ख्या अधिक देखिन्छ ।

### ४.१.२ कक्षाकोठामा झ्याल, ढोका र प्रकाशको व्यवस्था

कक्षाकोठा व्यवस्थापनमा एउटा महत्त्वपूर्ण पक्ष आधुनिक झ्याल, ढोका, प्रकाश तथा पङ्खा र बत्ती पनि हुनुपर्छ । विद्यालयका कक्षाकोठामा यी पक्षहरूलाई प्रभावकारी व्यवस्थापन गर्न सके शिक्षण सिकाइ प्रभावकारी हुन गई शैक्षिक लक्ष्य र उद्देश्य प्राप्त गर्न सहज हुने गर्दछ । त्यसैले अध्ययन क्षेत्र भित्रका विद्यालयका कक्षा कोठामा झ्याल, ढोका र प्रकाशको व्यवस्थालाई प्राप्त तथ्याङ्कको आधारमा निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३

विद्यालयमा झ्याल, ढोका र प्रकाशको अवस्था

| विद्यालयको नाम | कक्षाकोठा सङ्ख्या | झ्याल ढोकाको अवस्था | प्रकाश र बत्तीको अवस्था |
|---|---|---|---|
| श्री जनता उ.मा.वि. | १२ वटा | सामान्य अवस्था | पर्याप्त भएको |
| श्री कचना मा.वि. | १२ वटा | " | " |
| श्री कविर मा.वि. | १० वटा | " | " |
| श्री शहिद स्मृति नि.मा.वि. | ८ वटा | " | अपर्याप्त भएको |
| श्री जब्दी प्रा.वि. | ५ वटा | " | " |
| श्री पञ्चायत नि.मा.वि. | ८ वटा | " | " |

तालिका नं. ३ लाई विश्लेषण गर्दा अध्ययन गरिएका विद्यालय र कक्षा कोठाको झ्याल ढोकाको अवस्था सामान्य देखियो भने जब्दी प्रा.वि. पकलीमा जीर्ण रहेको पाइयो । त्यसैगरी अध्ययन गरिएका विद्यालयहरूमा प्रकाश तथा बत्तीको अवस्था ५० प्रतिशतमा पर्याप्त रहेको र ५० प्रतिशतमा पर्याप्त नरहेको पाइयो । यसले के देखिन्छ भने कक्षाकोठामा झ्याल, ढोका र प्रकाशको व्यवस्थापन हुन नसकेको पुष्टि हुन्छ ।

### ४.१.३ फर्निचर व्यवस्थापन

शिक्षण सिकाइलाई सहज बनाउन शैक्षिक व्यवस्थापनको अर्को पक्ष फर्निचर व्यवस्थापन हो । फर्निचरको अभावमा सिकाइ व्यवस्था प्रभावकारी हुन सक्दैन । यसरी विद्यालयमा फर्निचरको व्यवस्था गर्दा विद्यार्थीको उमेर र कक्षा अनुसार हुनु पर्दछ । यसले विद्यार्थीको पढाइ प्रति रुचि/सक्रिय बनाउन मद्दत गर्दछ । अतः विद्यार्थीको सङ्ख्या, शारीरिक अवस्था अनुसार उपयुक्त फर्निचरको व्यवस्थापन हुन जरुरी छ । त्यसैले नमुना क्षेत्रभित्रका विद्यालयमा प्राप्त फर्निचरको विवरणलाई तालिकामा देखाई विश्लेषण गरिएको छ ।

तालिका नं. ४
फर्निचर व्यवस्थापनको अवस्था

| विद्यालयको नाम | डेक्स/बेन्च | विद्यार्थी सं. | टेबल थान | दराज | कुर्सी | र्‍याक | डेस्कबेन्च र विद्यार्थीको अनुपात |
|---|---|---|---|---|---|---|---|
| श्री जनता उ.मा.वि. | 250 जोर | 1125 | 10 | 7 | 25 | 3 | 1M4=5 |
| श्री कचना मा.वि. | 210 जोर | 850 | 6 | 5 | 12 | 2 | 1M4=04 |
| श्री कविर मा.वि. | 115 जोर | 465 | 5 | 2 | 15 | 1 | 1M4=04 |
| श्री शहिद स्मृति नि.मा.वि. | 105 जोर | 332 | 6 | 2 | 15 | 2 | 1M3=16 |
| श्री जब्दी प्रा.वि. | 25 जोर | 135 | 3 | 2 | 5 | 1 | 1M5=4 |
| श्री पञ्चायत नि.मा.वि. | 80 जोर | 410 | 3 | 3 | 10 | 1 | 1M5=12 |
| जम्मा | 785 जोर | 3317 | 33 | 21 | 82 | 10 | 1M4=22 |

माथिको तालिकालाई नियाल्दा नमुना विद्यालयमा डेस्क/बेञ्च र विद्यार्थीको अनुपात बढीमा १:५.४ (जब्दी) र घटिमा १:३.१६ (शहिद)मा रहेको भेटियो। जसमा समग्रमा हेर्दा १:४.२२ (सबै) रहेको देखिन्छ। अध्ययन क्षेत्रभित्रका नमुना विद्यालयहरूमा अधिकांश मा.वि. सञ्चालन भएको विद्यालय ( जनता, कचना, कविर र शहिद) मा फर्निचरको अवस्था राम्रो रहेको पाइयो भने बाँकी विद्यालयहरूमा विद्यार्थी सङ्ख्याको अनुपातमा केही कमी नै फर्निचरको अवस्था पाइयो। यसले पनि शिक्षण सिकाइलाई केही अंशमा प्रभाव पारेको तथ्य स्पष्ट हुन्छ।

### ४.१.४ पुस्तकालय तथा प्रयोगशालाको व्यवस्थापन

विद्यालयमा शिक्षण सिकाइ क्रियाकलाप सहज ढङ्गले सञ्चालन गरी संस्थाको उद्देश्य प्राप्ति गर्नका लागि आवश्यक पुस्तकालय तथा प्रयोगशाला व्यवस्थापन हुनु पर्दछ। कक्षा शिक्षणका अलावा सैद्धान्तिक ज्ञानलाई पूर्ण गर्न तथा किताबी भन्दा बाहिरी ज्ञानहरू प्राप्त गर्न पुस्तकालय एवम् प्रयोगशालाको व्यवस्थापन विद्यालयले गरेको हुनु पर्दछ। यसलाई विद्यालयमा भौतिक स्रोत व्यवस्थापनको पक्षका रूपमा समावेश गराउन सकिन्छ।

नमुना विद्यालयमा सबै जसो विद्यालय (जनता र कचना बाहेक) ले पुस्तकालय एवम् प्रयोगशालाको व्यवस्थापन गरेको पाइएन। जनता उ.मा.वि. र कचना मा.वि. बाहेक अरूमा पुस्तकालय र विज्ञान

प्रयोगशाला नहुनुको मुख्य कारणहरूमध्ये दक्ष जनशक्तिको अभाव, कोठाको कमी, आर्थिक रूपमा सबल नहुनु आदि कारणहरू प्र.अ. तथा वि.व्य.स.का पदाधिकारीहरूले बताउनु भयो । यसलाई मध्यनजर गर्दा विद्यालयको दैनिक प्रशासन सञ्चालनको जिम्मेवारी लिई बसेका प्रधानाध्यापकले चाँडै नै पुस्तकालय र प्रयोगशालाको व्यवस्थापन गरी दक्ष जनशक्ति उत्पादन गर्न जोड दिनुपर्ने देखिन्छ । यसले सिकाइ उपलब्धि वृद्धि हुने समेत स्पष्ट छ ।

### ४.१.५ खेलमैदान र खेलकुद सामग्रीको व्यवस्थापन

खेलमैदान र खेलकुद सामग्री पनि शिक्षण सिकाइ क्रियाकलापको एक महत्त्वपूर्ण अङ्गका रूपमा रहेका छन् । यसको उचित व्यवस्थापनले विद्यार्थीहरूको शारीरिक तथा मानसिक विकासका अलावा विद्यार्थीहरूमा मनोवैज्ञानिक तथा शारीरिक पक्षको ज्ञान खेलकुदको माध्यमबाट दिन सके विद्यार्थीहरूको शारीरिक विकास सहज रूपमा हुन सक्छ । यसलाई विद्यालयमा भौतिक स्रोत व्यवस्थापनको पक्षका रूपमा समावेश गर्न सकिन्छ ।

नमुना छनोटमा परेका सबैजसो विद्यालय (जनता, कचना र सहित स्मृति) बाहेकले खेलकुद तथा खेल सामग्रीको व्यवस्थापन गरिएको पाइएन । यसलाई मध्यनजर गर्दा विद्यालयका विद्यार्थीहरूको चौतर्फी विकास गर्न खेल मैदान र खेल सामग्रीको व्यवस्थापनमा विद्यालय प्रशासनले ध्यान पुऱ्याउन आवश्यक देखिन्छ ।

### ४.१.६ शैक्षिक सामग्रीको व्यवस्थापन

शैक्षिक सामग्री शिक्षण सिकाइको महत्त्वपूर्ण साधन तथा आवश्यकीय साधन भएकाले विद्यालयमा यसको निर्माण र प्रयोग गरी कक्षा शिक्षणलाई व्यवस्थित बनाउन सकिन्छ । यसले कक्षा शिक्षण सफल, प्रभावकारी र अर्थपूर्ण बनाउन मद्दत गर्छ । यस्ता सामग्री निर्माणमा सकेसम्म स्थानीय स्रोत र साधनको उपयोग गरी विद्यार्थी समेतको सहभागितामा हुन सकेको भए सिकाइलाई अझ व्यवस्थित गर्न सकिने थियो । नमुना विद्यालयमा शैक्षिक सामग्रीको निर्माण प्रयोग गरेको पाइएन । अधिकांश विद्यालयमा त दैनिक प्रयोगका सामग्री नै अभाव छ भने अन्य केही विद्यालयमा भइहाले पनि फोहोर थुपार्ने कुनामा नगन्य सङ्ख्यामा त्यस्ता सामग्री पाइयो । यसले के स्पष्ट गर्छ भने भौतिक स्रोत अन्तर्गत पर्ने शैक्षिक सामग्रीको व्यवस्थापन राम्रो हुन नसकेको देखिन्छ ।

माथि उल्लेख गरिएका तथ्यहरूको प्रस्तुतीकरण र विश्लेषणबाट अध्ययन गरिएका विद्यालयमा मानवीय तथा भौतिक स्रोत साधन व्यवस्थापन पक्ष कमजोर रहेको विश्लेषण गर्न सकिन्छ ।

विद्यालयहरूमा शिक्षक व्यवस्थापन पक्षदेखि विद्यार्थी व्यवस्थापन तथा विद्यालयको भौतिक व्यवस्थापन पक्ष समेत चुस्त र दुरुस्त हुन नसकेको निष्कर्ष निकाल्न सकिने हुँदा टेलर (१९१५ को वैज्ञानिक व्यवस्थापनको सिद्धान्त बमोजिम विश्लेषण गर्दा विद्यालयहरूको भौतिक स्रोत साधनलाई अधिकतम उपलब्धि हासिल हुने गरी प्रयोगमा ल्याउन नसकेको, शैक्षिक उपलब्धि र गुणस्तर वृद्धि गर्न नसकेको, शिक्षणको प्रभावकारिता वृद्धिमा व्यवस्थापक सफल हुन नसकेको देखिन्छ । यसरी नै शिक्षकको योग्यता, दक्षता र क्षमता पहल गर्न नसकेको भौतिक व्यवस्थापनका लागि स्रोत र साधनको उच्चतम परिचालन हुन नसकेको समेत पाइन्छ ।

यसैगरी भट्टराई (२०६५) को अध्ययनमा उल्लेख गरेजस्तै विद्यालयमा खानेपानीको अभाव, शौचालयको उचित प्रबन्ध नभएको, शिक्षकको समुचित प्रयोग हुन नसकेको जस्तै नमुना छनोटमा परेका विद्यालयहरूमा समेत कक्षाकोठाको झ्यालढोका र प्रकाशको राम्रो व्यवस्था हुन नसकेको, शिक्षक कर्मचारीको अवस्था कमजोर बन्दै गएको तथ्याङ्क प्राप्त हुनुले एकपटक फेरि मायो ( १९५०) को मानव संसाधन सिद्धान्तलाई स्मरण गर्ने आवश्यक  देखिन्छ । जहाँ शिक्षकको नेतृत्व गर्नेहरूले विना भेदभाव शिक्षक तथा कर्मचारीको नियुक्ति गरी मानव सम्बन्धी व्यवस्थापन र भौतिक व्यवस्थापन राम्रो पार्नुपर्ने देखिन्छ ।

### ४.२ विद्यालयमा रहेको भौतिक स्रोत व्यवस्थापनका चुनौतीहरू

शिक्षाको आधारशिला मानिएको सामुदायिक विद्यालयमा प्राथमिक तहमा भौतिक स्रोत व्यवस्थापनका निकै चुनौतीहरू रहेको पाइन्छ । नमुना छनोटमा परेका विद्यालयहरू मध्ये मा.वि.कक्षा सञ्चालन बाहेक बाँकी विद्यालयहरूमा भवनहरू प्रायः अर्धपक्की नै  पाइयो । झ्याल ढोकाहरू साना भएको पाइयो । विद्यार्थीहरूको अनुपातमा फर्निचरको उचित व्यवस्थापनमा कमी नै भएको देखियो । यसलाई उचित किसिमले व्यवस्थापन गर्न विद्यालय प्रशासन र सरोकारवालासँग जानकारी लिदा विद्यालयमा सम्बन्धित निकायबाट उचित रकम व्यवस्थापन नगरेको कारण व्यवस्थापनमा समस्या उत्पन्न भएको जानकारी पाइयो । अध्ययन गरिएका विद्यालयमा प्रकाश र बत्तीको उचित व्यवस्थापनको कमी भएको पाइयो साथै खेल सामग्री र खेल मैदानको अभाव नै देखियो । साथै मा.वि. बाहेक अन्य विद्यालयहरूमा घेराबाराको कमी नै पाइयो । स्वस्थ खानेपानी तथा चमेना गृहको उचित व्यवस्थापन नभएको पाइयो । नमुना छनोटमा परेका विद्यालयहरूमध्ये जब्दी प्रा.वि.मा सञ्चारको न्यूनतम सुविधाको अभाव देखियो ।

नमुना छनोटमा परेका विद्यालयहरूमा वि.व्य.स.अध्यक्ष र अभिभावकहरूले स्रोत जुटाउने कार्यमा ५० प्रतिशतले मात्र सहयोग गर्ने गरेको, बाँकी कुनै पनि सहयोग नगरेको गुनासो विद्यालय प्रशासनले बताए तर अधिकांश शिक्षकहरूले आफ्नो कक्षाकोठामा भौतिक सुविधाको कारणले शिक्षण सिकाइ प्रभावकारी हुन नसकेको कुरा स्वीकारे । तर विद्यालय व्यवस्थापन समिति अध्यक्षहरूका अनुसार नेपाल सरकारले विद्यालयका भौतिक पक्षहरूमा खासै ध्यान नपुऱ्याएको कारण भौतिक अवस्था कमजोर भएको स्वीकारे ।

### ४.२.१ भौतिक स्रोत साधन अपर्याप्तता

नमुना छनोट गरिएका विद्यालयहरूमा भौतिक स्रोत साधन पर्याप्त रूपमा नपाइएको देखियो । त्यसमा पनि शुद्ध प्रा.वि. भएको विद्यालयमा विद्यार्थीलाई बस्ने डेस्क, बेन्च समेत पर्याप्त मात्रामा नभएको देखियो । शिक्षा नियमावली २०५९ अनुसार प्रति विद्यार्थी ०.७५ वर्ग मिटर क्षेत्रफल भएको हुनुपर्दछ तर धेरैजसो विद्यालयमा विद्यार्थी सङ्ख्याको आधारमा कक्षाकोठाको क्षेत्रफल नमिलेको पाइयो । भौतिक स्रोत साधन पर्याप्त नभएकाले विद्यार्थीलाई शैक्षिक क्रियाकलापमा असर पर्ने भएकाले सिकाइ उपलब्धिपूर्णरूपमा प्राप्त नभएकाले शैक्षिक गुणस्तरमा त्यसको प्रभाव पर्न गएको देखियो ।

### ४.२.२ भौतिक स्रोत साधनको प्रयोग तथा व्यवस्थापन

विद्यालयहरूमा भौतिक स्रोत साधनहरू जस्तै डेस्क, बेन्च, दराज, बोर्ड, झ्याल, ढोका, लगायत अन्य सामग्रीहरू विद्यालयहरूमा अभाव देखिए तापनि भएका सामग्रीहरूको सही प्रयोग तथा व्यवस्थापनमा कति विद्यालयहरूमा राम्रै देखियो तर कतिपय विद्यालयहरूमा त्यसको सही प्रयोग र व्यवस्थापनमा कमी कमजोरी देखियो । फर्निचरको प्रयोग विद्यार्थीको तह र उमेर अनुसार हुनु पर्नेमा विद्यार्थीहरूको तह र उमेर अनुसार डेस्क, बेन्चहरू व्यवस्थित नभएकाले विद्यार्थीहरूलाई पठनपाठन कार्यमा असहज र अवरोध उत्पन्न भएको महसुस गरियो ।

धेरैजसो विद्यालयहरूमा विज्ञानमा प्रयोग हुने सामग्रीहरू, शैक्षिक सामग्रीहरू जस्तै चार्ट, क्यालेन्डर, खेलकुदका सामग्रीहरू विद्यालयमा भए पनि कम प्रयोगमा आएको तथ्य फेला परे । कुनै कुनै विद्यालयमा विज्ञान प्रयोगशाला पनि छ । त्यसमा चाहिने सामग्रीहरू विभिन्न संघ संस्थाहरूले उपलब्ध गराएका छन् तर त्यसको प्रयोग नगन्य रूपमा भएको पाइयो । भौतिक र शैक्षिक

सामग्रीहरूको सदुपयोग नभएको तथा त्यसको सही व्यवस्थापन नभएकाले सिकाइ उपलब्धिमा कमी भएको महसुस गरियो र त्यसले गर्दा शैक्षिक गुणस्तरमा निकै प्रभाव पारेको देखियो ।

### ४.२.३ भौतिक स्रोत साधनको सदुपयोग हुन नसक्नु

नमुना छनोटमा परेका विद्यालयहरू मध्ये शुद्ध प्रा.वि.हरूमा उपयुक्त कक्षाकोठाको अभाव र उपयुक्त फर्निचरको अभावले गर्दा उचित व्यवस्थापनमा कमि तथा केही मात्रामा दुरुपयोग भएको पाइयो । विद्यालयमा खेल मैदानहरू छन् तर घेराबाराको अभावले गर्दा खेल मैदानमा गाई, गोरु तथा बाखाहरू चरिरहेको अवस्था पाइयो । विभिन्न संघ संस्थाहरू खास गरिकन वर्ल्ड भिजन अन्तर्गत ए.जि.सी. लगायत अन्य संस्थाहरूद्वारा कक्षा खेलकुदका सामग्रीहरू, शिक्षण कार्यमा सहज हुने पाठ्यपुस्तक लगायत अन्य सामग्रीहरू विद्यालयमा उपलब्ध गराएको रेकर्डै पाइन्छ तर त्यस्ता सामग्रीहरू जुन उद्देश्यले उपलब्ध गराएको हुन्छ त्यसको सही उपयोग भएको कम नै पाइयो । विद्यालयमा पुस्तकालय छ तर पुस्तकालयका पाठ्यपुस्तक लगायतका सामग्रीहरूको उचित व्यवस्थापन नभइकन दुरुपयोग भएको जस्तो देखिन्छ । विद्यालयमा खेल मैदान छ, खेल सामग्रीहरू छन् तर बालबालिकाहरू खेल्न पाएका छैनन् ।

साना साना बालबालिकाहरूका लागि बालमैत्री कक्षा सञ्चालन गर्नुपर्ने नीनि भए पनि थोरै विद्यालयमा बालमैत्रीको उद्देश्य अनुरूप कक्षा सञ्चालन भएको छ । धेरैजसो विद्यालयमा बालमैत्री कोठा, कोठाको भुईंमा कार्पेट र बालबालिकाहरूलाई बस्ने चकटीहरूको व्यवस्था छ तर पठन पाठन बालमैत्री छैन । जसले गर्दा बालबालिकाहरूको सिकाइ उपलब्धि सन्तोषजनक नभएको स्वीकार छ । बालमैत्री अवधारणाको दुरुपयोग भएको महसुस गरिएको छ ।

### ४.२.४ भौतिक स्रोत साधनमा बाह्य हस्तक्षेप

विद्यालयमा भएका जग्गा जमिन सम्बन्धमा कति विद्यालयहरूमा विद्यालयको नाममा दर्ता भएको जमिनमा बसोबास भएको, जबर्जस्ती जोतकोर गरेको तथा जग्गाबाट आउने आम्दानी नआएको अथवा बुझाउनु पर्ने आम्दानी नबुझाएको, खोलानाला तथा ऐलानी जमिन विद्यालयलाई दान गरेको जस्ता तथ्यहरू फेला परेका छन् । यस्तो समस्या समाजका केही व्यक्तिहरूबाट उत्पन्न भएको हो तर समाज यस्ता कुरामा मौन भएको देखिन्छ ।

विद्यालयको खेल मैदानमा गाई, गोरु र बाखाहरू चर्ने चराउने र खुल्ला छाड्ने जस्ता विकृतिहरू देखा परेका छन् । विवाह, ब्रतवन्ध, पुराण, भोज, भतेर जस्ता काममा विद्यालयको फर्निचरहरूको

प्रयोग गर्ने गरेका पनि केही विद्यालयहरू पाइएको छ । यी माथिका क्रियाकलापले गर्दा त्यस्ता विद्यालयमा नकारात्मक प्रभाव परी पठनपाठनमा समेत प्रभाव परेको देखिन्छ । जुन एउटा चुनौतीको विषय हो ।

### ४.२.५ दक्ष जनशक्तिको कमी

नमुना छनोटमा परेका विद्यालयहरू मध्ये ६० प्रतिशत विद्यालयहरूमा दक्ष जनशक्तिको कमी देखियो । विद्यालयमा दरबन्दी अनुसारको शिक्षक र कर्मचारीको अभाव र विद्यार्थी सङ्ख्याको अनुपातमा दरबन्दीको कमी देखियो । विद्यालयमा शिक्षक कर्मचारीहरूको अस्थायी पदपूर्तिमा समाजका नेतृत्व पङ्क्तिका व्यक्तिहरू, राजनैतिक कार्यकर्ता र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको गलत मनसायले योग्य तथा दक्ष व्यक्तिको छनोट नहुनु, विद्यालयमा राजनैतिक हस्तक्षेपले गर्दा शिक्षक कर्मचारीहरूले आफ्नो कर्तव्य पालन बिर्सेर पार्टीको झोला बोक्नुका साथै नेपाल सरकारले पनि प्रत्येक वर्ष विज्ञापन गरी दक्ष जनशक्तिको छनोट गर्न नसक्नु लगायत अन्य कारणहरूले गर्दा दक्ष जनशक्तिको अभावले गर्दा भौतिक तथा शैक्षिक व्यवस्थापनमा कमी भई शिक्षण क्रियाकलाप प्रभावकारी नभई शैक्षिक गुणस्तरमा प्रभाव परेको तथ्य प्राप्त भएको देखिन्छ ।

## ४.३ शैक्षिक गुणस्तरका चुनौतीहरूको पहिचान

शैक्षिक गुणस्तरका चुनौतीहरू पहिचान गरी शैक्षिक गुणस्तर उकास्ने सन्दर्भमा वि.व्य.स.को अहम् भूमिका हुन्छ । विद्यालयमा दक्ष, तालिम प्राप्त शिक्षकको  व्यवस्था गर्न, नियमित रूपमा शिक्षण गर्न, अनुगमनको राम्रो व्यवस्था गर्न, सेवाकालीन तथा पुनर्ताजगी तालिमको व्यवस्था साथै भौतिक पक्षको उचित व्यवस्थापन हुनु पर्दछ । नमुना छनोटमा परेका विद्यालयहरूको शैक्षिक गुणस्तर हेर्दा तालिम प्राप्त शिक्षकहरू पर्याप्त मात्रामा देखिएन । तालिम प्राप्तले पनि पूर्णरूपमा तालिममा सिकेका विषयवस्तुको प्रयोग नभएको, शिक्षकमा भएको सीपको सही उपयोग नभएको, शिक्षकहरूमा सेवा सुविधाको कारणले नैरास्यता देखिदा उच्च गुणस्तरीय शिक्षा प्रदान गर्न नसकिएको देखियो ।

उक्त चुनौतीहरूको समाधानका लागि वि.व्य.स.बाट नियमित रूपमा विद्यालय सञ्चालनमा निरीक्षण तथा अनुगमन गर्नुपर्ने, जिल्ला शिक्षा कार्यालयबाट पनि प्रभावकारी रूपमा अनुगमन र निरीक्षणको उचित व्यवस्थापन गर्नुपर्ने, तालिम प्राप्त शिक्षकको व्यवस्था गर्नुपर्ने, तालिम अप्राप्त शिक्षकहरूलाई तालिममा पठाउने व्यवस्था गर्नुपर्ने, अस्थायी शिक्षक नियुक्तिलाई निरोत्साहित गर्नुपर्ने, विद्यार्थीको सिकाइ उपलब्धिको स्तर बढाउन उपाय गर्नुपर्ने । जिल्ला शिक्षा कार्यालय र स्रोतकेन्द्रबाट प्राप्त

जानकारी र निर्देशनहरूलाई प्रशासन र व्यवस्थापन पक्षले पूर्ण रूपमा पालना गर्नु गराउनु पर्ने देखिन्छ ।

शिक्षाको आधारशीला मानिएको सामुदायिक विद्यालयको प्राथमिक तहमा शैक्षिक गुणस्तरका थुप्रै चुनौतीहरू देखा परेका छन् । शोधपत्र निर्माणका क्रममा विद्यालयमा शैक्षिक गुणस्तरका चुनौतीहरूको पहिचान गरी त्यसको निराकरणका उपायहरू सुझाउने उद्देश्यलाई पूरा गर्नका लागि प्रधानाध्यापक, शिक्षक, कर्मचारी, अभिभावक, विद्यार्थी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू तथा अन्य विद्यालयका सरोकारवाला व्यक्तिहरूसँग गरिएको छलफल, प्रश्नोत्तर तथा अन्तर्वार्ताबाट प्राप्त चुनौतीहरू र निराकरणका उपायहरूलाई संयुक्त रूपमा तल प्रस्तुत गरिएको छ ।

### ४.३.१ विद्यालय र समाज

विद्यालय एउटा सामाजिक संस्था हो । त्यसैले विद्यालयको सम्पूर्ण दायित्व समाज माथि हुन्छ । विद्यालय र समाज बीच नङ र मासुको सम्बन्ध हुन्छ । समाजले विद्यालयलाई चाहे अनुसार रूप दिन सक्छ । त्यस्तै विद्यालयले समाजको उन्नति प्रगतिमा ठूलो भूमिका खेल्छ । समाजको असल जनशक्ति उत्पन्न गर्ने दायित्व विद्यालयमाथि हुन्छ । त्यसैले विद्यालय र समाज एक अर्काका परिपूरकका रूपमा हुन्छन् । समाजको संस्कृति, परम्परा, धर्म, नीति, नियम, रीति रिवाज र राजनैतिक प्रभावबाट विद्यालय अछुतो रहन सक्दैन । त्यसर्थ विद्यालय र समाज दुवै एकअर्काप्रति सचेत रहन धेरै महत्त्वपूर्ण कुरा हो जुनकि एउटा चुनौतीका रूपमा देखिन्छ । समाज र विद्यालय दुवै एकअर्काप्रति सचेत रही उन्नति र विकासको मार्गमा अगाडि बढेमात्र प्रभावकारी शिक्षाको वातावरण सिर्जना गर्न सकिन्छ र शैक्षिक गुणस्तर बढाउन सकिन्छ भन्ने वि.व्य.स.का पदाधिकारीहरू र प्र.अ.को भनाइ रहेको छ ।

### ४.३.२ अभिभावकको चासो

अभिभावक विद्यालयका लागि मेरुदण्ड हो । किनकि जबसम्म अभिभावक सचेत तथा सक्रिय हुँदैनन् तबसम्म विद्यालयको उन्नति, प्रगति र शैक्षिक गुणस्तरमा वृद्धि हुन सक्दैन । एउटा विद्यार्थी स्कुलमा ६ घण्टा सम्म हुन्छ भने बाँकि १८ घन्टा सम्म आफ्नो घर परिवार अथवा अभिभावकको नियन्त्रण अथवा रेखदेखमा हुन्छ । विद्यार्थीलाई अनुशासित, नियमित रूपमा विद्यालय पठाउनका साथै शैक्षिक वातावरणको व्यवस्थापनमा अभिभावकको ठूलो भूमिका हुन्छ । सामुदायिक स्कुलमा अभिभावक आफ्नो दायित्वबाट पन्छिएको देखिन्छ जुनकी एउटा चुनौतीको विषय हो । एउटा परिवारको

छोरालाई संस्थागत विद्यालयमा र छोरीलाई सामुदायिक विद्यालयमा राख्ने उदाहरण पनि प्रशस्त पाइन्छ । संस्थागत विद्यालयमा छोरा वा छोरी हुँदा आफ्नो दायित्व बहन गर्ने तर सामुदायिक विद्यालयमा छोरा वा छोरी हुँदा आफ्नो दायित्व बिर्सिने उदाहरण पनि प्रशस्त मात्रामा पाइन्छ । राम्रो शैक्षिक गुणस्तरका लागि अभिभावकले आफ्नो दायित्व पूर्ण रूपमा निर्वाह गर्नुपर्ने देखिन्छ भन्ने प्र.अ. र शिक्षकहरू बताउँछन् ।

### ४.३.३ विद्यार्थीको नियमितता तथा निरन्तरता

विद्यालय, शिक्षक, विद्यालय प्रशासन र अभिभावक सबै विद्यार्थीकै लागि भएकाले नै विद्यार्थीलाई विद्यालयका लागि केन्द्रविन्दु मानिन्छ । विद्यालयमा हुने सम्पूर्ण क्रियाकलाप विद्यार्थीलाई केन्द्रित गरेर गरिन्छ तर विद्यार्थी नै आफ्नो कर्तव्य प्रति उदासिन भयो भने गुणस्तरीय शिक्षाको कल्पना मात्र गर्न सकिन्छ । गुणस्तरीय शिक्षाका लागि विद्यालयको नियम कानुनको पालना गर्नु निरन्तर रूपमा समयमा विद्यालयमा उपस्थित हुनु अति आवश्यक देखिन्छ तर विद्यार्थीहरूको नियमितता र निरन्तरता सामुदायिक विद्यालयको प्रा.वि. स्तरमा एउटा चुनौतीका रूपमा देखिन्छ । समुदाय विद्यालयहरूमा आउने विद्यार्थीहरूको पारिवारिक र सामाजिक परिवेशको कारणले निरन्तरता र नियमिततामा ठूलो प्रभाव परेको देखिन्छ । सामुदायिक विद्यालयहरूको प्रा.वि. स्तरमा लगभग १५-२० प्रतिशत र नि.मा.वि. र मा.वि.मा लगभग १५ प्रतिशत विद्यार्थी अनुत्तीर्णको तथ्याङ्क देखिन्छ । विद्यालय आउने विद्यार्थीहरू पनि कहिले आउने कहिले नआउने भने अवस्था विद्यार्थी हाजिरी खाताबाट प्रमाणित हुन्छ । प्रा.वि. स्तरमा टिफिनमा खाजा खान घर गएपछि ३०-४० प्रतिशत विद्यार्थी टिफिन पछि विद्यालय नआउने र १५-२० प्रतिशत विद्यार्थी ढिलो आउने परम्परा देखिन्छ । यो देखा परेका चुनौतीहरूलाई निर्मुल पार्न विद्यार्थी, शिक्षक, प्रशासन, अभिभावक, समाज लगायत सबै सरोकारवालाहरूले आफ्नो-आफ्नो तर्फबाट सहयोग गरिदियो भने पक्कै पनि सुधार हुनेछ । त्यसमा पनि विद्यार्थी र अभिभावकलाई पूर्णरूपमा सचेत हुने अवस्था देखिन्छ अनि मात्र गुणस्तरीय शिक्षाको विकास हुन सक्छ भन्ने प्र.अ. र शिक्षकहरूको धारणा रहेको छ ।

### ४.३.४ प्रधानाध्यापकको दायित्व

प्रधानाध्यापक भनेको विद्यालयको शैक्षिक, प्रशासनिक, प्राविधिक र व्यवस्थापन लगायतका जिम्मेवारीको दायित्व बोकेको विद्यालयको प्रमुखका रूपमा रहेको व्यक्ति हो भन्ने शिक्षा नियमावलीले स्पष्ट शब्दमा निर्देशन गरेको छ । प्र.अ. भनेको एउटा सामाजिक नेता पनि हो किनभने विद्यालय सामाजिक संस्था भएकाले समाजको विकासमा अहम् भूमिका हुन्छ । एउटा असल प्र.अ. भनेको आफ्नो काम, कर्तव्य र अधिकार राम्ररी बुझ्नु र सही प्रयोग गर्न सक्नु हो ।

प्र.अ.ले आफ्नो काम, कर्तव्य र अधिकारको इमानदारीपूर्वक पालन गरेन भने शैक्षिक सुधार अथवा गुणस्तरीय शिक्षा विद्यालयमा हुन असम्भव हुन्छ । प्र.अ. योग्य, सक्षम र अनुभवी हुनुका साथै कर्तव्यनिष्ठ भई आफ्नो दायित्व पूरा गरेमा पक्का शैक्षिक गुणस्तर बढ्ने छ भन्ने सर्वसाधारणको मान्यता हो ।

### ४.३.५ विद्यालय व्यवस्थापन समितिलाई कामप्रति उत्तरदायी बनाउने

विद्यालयको चौतर्फी विकासका लागि महत्त्वपूर्ण जिम्मेवारी निर्वाह गर्नुपर्ने विद्यालय व्यवस्थापन समितिले आफ्नो काम, कर्तव्य र अधिकार बहन गर्न नसकेको अवस्था छ भनी शिक्षक, विद्यार्थी तथा प्र.अ.हरूको भनाइ पाइन्छ । विद्यालयमा शैक्षिक व्यवस्थापनका लागि भवन, कक्षाकोठा, तालिम प्राप्त शिक्षक, शैक्षिक सामग्रीको निर्माण र प्रयोग, पुस्तकालयको व्यवस्थापन आदि पक्षको व्यवस्थापनका लागि निर्माण भएको विद्यालय व्यवस्थापन समिति, विद्यालयको योजना निर्माण, सङ्गठन, निर्देशन र नियन्त्रण जस्ता कार्यप्रति अनभिज्ञ भई राजनैतिक हिसाबले आफ्नो प्रभुत्व जमाउन खोज्ने खालको रहेको शिक्षकहरू बताउँछन् । विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू आफ्नो काम, कर्तव्य र अधिकारको इमानदारीपूर्वक निर्वाह गऱ्यो भने शिक्षाको गुणस्तर वृद्धि गर्नमा अथवा गुणस्तरीय शिक्षा प्राप्त गर्नमा विद्यार्थीलाई ठूलो टेवा पुग्छ भनी विद्यार्थी, शिक्षकहरू र प्र.अ.हरू बताउँछन् ।

### ४.३.६ शिक्षक अभिभावक संघ जिम्मेवारीप्रति उत्तरदायित्व नहुनु

शिक्षक, अभिभावकहरू मिली बनेको शिक्षक अभिभावक संघ शिक्षण प्रक्रिया सम्बन्धी आइपरेका विभिन्न समस्या तथा चुनौतीहरू समाधानका लागि छनोट भएको हुन्छ तर प्रायः जसो शिक्षक अभिभावक संघ आफ्नो काम, कर्तव्य प्रति सचेत भएको देखिँदैन जसका कारणले गर्दा शैक्षिक गुणस्तर र शैक्षिक व्यवस्थापनमा समस्या परेको पाइन्छ । शैक्षिक गुणस्तर सुधार गर्न शिक्षक अभिभावक संघ सक्रिय भई आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्नुपर्ने देखिन्छ भन्ने सरोकारवालाहरूको धारणा रहेको छ ।

### ४.३.७ शिक्षक आफ्नो पेसाप्रति उदासिन हुनु

सामुदायिक विद्यालयका शिक्षकहरू प्रायः जसो दक्ष, योग्य, सक्षम र तालिम प्राप्त हुन्छ तर नेपाल सरकारले शिक्षकहरू प्रति गैर जिम्मेवार हुनु, शिक्षकहरूको तलब भत्ता बेलामा नआउनु अथवा ४ महिनामा आउनु, विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक दरबन्दी नहुनु, शिक्षक र कर्मचारीको अनुपात नमिल्नु, विषयगत शिक्षकको व्यवस्थामा कमी कमजोरी देखिनु, प्राय जसो सामुदायिक

विद्यालयको प्रा.वि.स्तर भौतिक रूपमा सक्षम नहुनु आदि कारणले गर्दा शिक्षकहरू आफ्नो पेसाप्रति उदासिन देखिन्छ र शिक्षकहरू पेसागत संघ, संगठनमा लागी राजनीतिमा बढी सक्रिय हुनु बेइमानी हो जसको सिधा असर अबोध बालबालिकामा पर्नजान्छ । जसको फलस्वरूप बालबालिकाको भविष्यमा प्रश्नवाचक चिह्न लाग्छ । कुम्हालेले काँचो माटोलाई जुन स्वरूप दिन चाहन्छ त्यस्तो स्वरूप बन्छ । त्यस्तै शिक्षकले बालबालिकालाई जस्तो बनाउन खोज्छ त्यस्तै बन्छ । यो सर्वमान्य सिद्धान्त हो । त्यसैले शिक्षकले इमानदारी पूर्वक आफ्नो काम-कर्तव्य प्रति सचेत रही कर्तव्य पालन गर्नु पर्ने नितान्त आवश्यक देखिन्छ । अनि मात्र गुणस्तरीय शिक्षाको कल्पना गर्न सकिन्छ भन्ने वि.व्य.स.का पदाधिकारीहरू, विद्यार्थीहरू, बुद्धिजिवी र सरोकारवालाहरूले बताउँछन् ।

### ४.३.८ शिक्षकको नियुक्तिमा राजनीतिकरण

शिक्षण सिकाइका क्षेत्रमा जिम्मेवार भूमिका निर्वाह गर्ने शिक्षकको नियुक्ति राजनीतिक दबाबका आधारमा हुने भएकाले तालिम प्राप्त, योग्य, सक्षम शिक्षकको नियुक्ति नहुने भएकाले गुणस्तरीय शिक्षण सिकाइ क्रियाकलापमा ठूलो प्रभाव पर्न जान्छ । अस्थायी शिक्षक नियुक्ति गर्दा राम्रो शिक्षकको छनोट गर्नुपर्नेमा राम्रो भन्दा हाम्रोमा बढी जोड दिएको गुनासो विद्यार्थी, शिक्षक तथा अभिभावकहरू बताउँछन् ।

# परिच्छेद - पाँच

## प्राप्ति, निष्कर्ष तथा सुझावहरू

### ५.१ अध्ययनको प्राप्ति

यस अध्ययनको नमुना छनोटमा परेका उपमहानगरपालिका भित्रका ६ वटा सामुदायिक विद्यालयको प्राथमिक तहमा भौतिक स्रोत व्यवस्थापन र शैक्षिक गुणस्तरमा त्यसको प्रभावमा केन्द्रित रही गरिएको अध्ययनमा प्राप्त  सूचनाहरूको विश्लेषण पश्चात् प्राप्त तथ्यलाई देहायका शीर्षकमा प्रस्तुत गरिएको छ ।

**क) भौतिक स्रोत व्यवस्थापनको अवस्था**

सामुदायिक विद्यालयको भौतिक स्रोत व्यवस्थापनलाई हेर्दा सम्पूर्ण विद्यालयहरू आफ्नै निजी भवनमा सञ्चालित छन् भने कतिपय विद्यालयमा पर्याप्त कक्षाकोठाको अभाव छ । विद्यालयको दैनिक प्रशासन सञ्चालनका लागि अफिस कोठा छुट्टै बनाए पनि प्रयोगशाला कोठाको कुनै व्यवस्था गरेको देखिदैन । आधाजसो विद्यालयमा प्रकाश/बत्ती, हावाको राम्रो व्यवस्था हुन सकेको छैन भने झ्याल ढोका समेतको उचित प्रबन्ध हुन सकेको छैन र विद्यालयहरूमा खानेपानीको सामान्य व्यवस्था (ट्युवेल) छ भने सुरक्षाका लागि कम्पाउन्ड वालको व्यवस्था गरेको देखिदैन । त्यसैगरी शौचालयको उचित प्रबन्ध (छात्र, छात्रा, शिक्षक स्टापका लागि अलग-अलग) हुन सकेको छैन भने चमेना गृहको नाम समेत देखिँदैन ।

विद्यालयमा फर्निचर व्यवस्था नहुँदा दैनिक पठनपाठन प्रभावित भएको छ भने कुनै पनि विद्यालयमा स्वास्थोपचारको व्यवस्था गर्न नसकेको पाइयो । यसैगरी फूलबारी, सञ्चार उपकरण नहुँदा विद्यालयको सुन्दरता र सञ्चार सेवाबाट प्रभावित हुनु परेको छ । अधिकांश अध्यक्ष भौतिक सुविधा प्रति सन्तुष्ट छन् भने यसका लागि स्रोत पहिचान गरी आवश्यकता पूरा गर्न सक्रिय छन् । विद्यालयमा सभाहत, खेलमैदान, कम्पाउन्ड वालको अभावको पहिचान अध्यक्षले गरेका छन् भने शैक्षिक सामग्रीको अभावलाई पूर्ति गर्न शिक्षक/प्र.अ., विद्यार्थीलाई समेत उत्प्रेरित गर्छन् । शिक्षकहरूबाट विद्यालयका समस्या समाधानका लागि सहयोग प्राप्त गरेता पनि विद्यालयले स्रोतको अभावमा भौतिक शैक्षिक समस्या र चुनौतीहरूको सामना गर्नु परेको छ ।

**ख) मानवीय संसाधन स्रोत व्यवस्थापनको अवस्था**

सामुदायिक विद्यालयमा अध्ययनरत शिक्षक तालिम पूरा नगरी शिक्षण पेसामा संलग्न रहेको पाइन्छ । अधिकांश महिला शिक्षक कार्यरत छन् । विद्यालयका आधाजसो (५४.१ प्रतिशत) शिक्षक मात्र स्थायी छन् भने शिक्षक नियुक्ति प्रक्रियामा विविधता देखिन्छ । शिक्षकले अधिक कार्यभार वहन गर्नुपर्नाले कार्यक्षमता र सिकाइ उपलब्धिमा प्रभावित भएको देखिन्छ । यसैगरी केही विद्यालयमा विना कर्मचारी विद्यालय सञ्चालन गर्नु परेको छ । नियुक्ति मध्ये पनि ६० प्रतिशत अस्थायी रहेको देखिन्छ । यसैगरी एक तिहाइ शिक्षक/कर्मचारीले स्केल बमोजिम हुने तलबमान प्राप्त नगरेको पाइयो । यसले कार्य उत्प्रेरणामा प्रभाव पार्ने देखिन्छ ।

सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थी मध्ये छात्राको सङ्ख्या बढी छ । यसले सरकारी विद्यालयमा छोरीलाई भर्ना गरिदिने सामाजिक प्रचलनलाई प्रष्ट्याउँछ र समाजमा रहेको विद्यमान लैङ्गिक विभेदलाई समेत उजागर गरेको छ । यसैगरी विद्यालयमा नियमित रूपमा विद्यार्थीको उपस्थिति न्यून छ त्यसको प्रभाव सिकाइ उपलब्धिमा परेको देखिन्छ । खासगरी सामुदायिक विद्यालयमा मजदुर, न्यून आयस्तर भएका अभिभावकका छोराछोरी पढ्ने हुनाले नियमिततामा अभिभावकले ख्याल नगरेको देखिन्छ । उतातिर केही विद्यालयमा व्यवस्थापन समिति गठन नहुँदा शिक्षक नियुक्ति, आर्थिक भौतिक स्रोत जुटाउने जस्ता क्रियाकलापमा प्रभाव परेको छ । यसले समग्र विद्यालयको लक्ष्य र उद्देश्य प्राप्तिमा प्रभाव पार्छ ।

विद्यालयका समस्या समाधानका लागि बैठक/छलफलको आयोजना गरिने त्यहाँ अध्यक्ष लगायतका पदाधिकारीको रचनात्मक सहयोग प्राप्त हुने भएता पनि विद्यालयमा उपलब्ध शिक्षक/कर्मचारी दरबन्दी सङ्ख्याप्रति प्र.अ.ले असन्तुष्ट जनाएका छन् । यसैगरी प्रायः सबैजसो शिक्षकबाट प्र.अ.लाई सहयोग प्राप्त हुने गरेको भएता पनि विद्यालयमा रहेको स्रोतको अभावले मानवीय संसाधन व्यवस्थापनमा जटिलता उत्पन्न हुने तथ्य समेत भेटिएको छ ।

शिक्षकहरूले विद्यालयको शिक्षण सिकाइमा खेलेको भूमिका प्रति सम्पूर्ण प्र.अ. सन्तुष्ट छन् भने शिक्षक पनि नियमित विद्यालयमा उपस्थित भई आफ्नो पेसाप्रति प्रतिबद्ध रहेको अवस्था विद्यमान रहेको छ । शिक्षकहरू विद्यालयमा अभिभावकको चासो बढ्नु पर्ने धारणा राख्दछन् भने प्रभावकारी शिक्षण सिकाइका लागि नियमितता, अध्ययन, अनुसन्धान, मूल्याङ्कन, विद्यार्थी केन्द्रित विधि, सामग्रीको प्रयोगमा प्रशासनको सहयोग आवश्यक पर्ने देखिन्छ । यस्तैगरी वि.व्य.स. चुस्त, दुरुस्त र पक्षपात रहित हुनुपर्ने धारणा समेत शिक्षकहरूले उल्लेख गरेका छन् ।

## ५.२ अध्ययनको निष्कर्ष

सामुदायिक विद्यालयको प्राथमिक तहमा मानवीय संसाधन र भौतिक स्रोत व्यवस्थापनको विद्यमान अवस्थाको पहिचान गर्न सुनसरी जिल्लाको इटहरी स्रोतभित्र अवस्थित इटहरी न.पा.मा सञ्चालित ६ वटा प्राथमिक विद्यालयलाई नमुनाको आधार मानी गरिएको यो अध्ययन गुणात्मक/सङ्ख्यात्मक दुवै ढाँचामा आधारित छ । वैज्ञानिक व्यवस्थापनको सिद्धान्त र मानवीय संसाधन सिद्धान्तले मार्ग निर्देश गरे अनुसार प्राप्त तथ्याङ्कलाई प्रस्तावनामा उल्लेख गरिएका उद्देश्यहरूको आधारमा तथ्याङ्कलाई व्याख्या विश्लेषण गरिएको छ ।

प्राप्त तथ्याङ्कलाई विश्लेषण गरिएको आधारमा अधिकांश विद्यालयमा शिक्षक दरबन्दी अभाव, तालिम प्राप्त शिक्षक नहुनु, न्यूनतम शैक्षिक योग्यता प्राप्त शिक्षकको सङ्ख्या अधिक हुनु, महिला शिक्षक सङ्ख्या ज्यादा हुनु, तालिमको ज्ञान, सीप प्रयोग नहुनु, शिक्षक प्र.अ. समितिका बीचमा राम्रो सम्बन्ध स्थापित भएतापनि विद्यालयका समस्याहरू यथावत नै रहनु, कर्मचारीको प्रबन्ध मिलाउन नसक्नु, अभिभावक तथा समितिका पदाधिकारी विद्यालयप्रति निस्क्रिय हुनु मानवीय संसाधनसँग सम्बन्धित निष्कर्ष निकालिएको छ ।

विद्यालयको कक्षा सञ्चालन आफ्नै निजी भवनमा भएता पनि फर्निचरको समस्या, झ्याल, ढोकाको प्रबन्ध नहुनु, डेस्क, बेन्च विद्यार्थी उमेर सङ्ख्या अनुसारको नहुनु, कक्षाकोठामा हावा, प्रकाश बत्तीको उचित प्रबन्ध मिलाउन नसक्नु, शैक्षिक सामग्रीको अभाव, खानेपानी शौचालयको प्रबन्ध नरहेको देखिन्छ । यसैगरी विद्यालयमा सुरक्षाका लागि कम्पाउण्ड वाल, स्वास्थ्य उपचारको व्यवस्था, फूलबारी बगैँचा समेत नरहेको अध्ययनको निष्कर्ष भित्र समेट्न सकिन्छ ।

## ५.३ अध्ययनका सुझावहरू

सामुदायिक विद्यालयको प्राथमिक तहमा भौतिक स्रोत व्यवस्थापन र शैक्षिक गुणस्तरमा त्यसको प्रभाव सम्बन्धी शीर्षकमा गरिएको अध्ययनको निष्कर्ष प्राप्तिका आधारमा निम्नानुसारका सुझावहरू प्रदान गर्न सकिन्छ ।

### ५.३.१ नीतिगत तहका लागि सुझाव

विद्यालयमा शिक्षण गर्ने शिक्षकहरूको क्षमता अभिवृद्धि गर्न जिल्ला शिक्षा कार्यालय मार्फत तालिम दिने व्यवस्था गर्न सकिन्छ । यसका लागि शिक्षकको नियुक्ति पश्चात् कम्तिमा आधारभूत शिक्षण तालिम दिने नीति लिइनुपर्ने,

विद्यालयमा शिक्षक नियुक्ति गर्दा सेवा प्रवेशको एउटै आधार खडा गरिनुपर्छ । शिक्षकहरू अस्थायी, राहत वा निजी राखिनु हुँदैन । सेवा प्रवेशका लागि एउटै पक्ष वा क्षेत्रले एकद्वार प्रणाली लागू गर्नुपर्ने,

विद्यार्थी सङ्ख्याको आधारमा शिक्षकको दरबन्दी मिलान गर्दै नपुग शिक्षक दरबन्दी थप गर्दै पूर्ति गर्नुपर्ने,

विद्यालयहरूमा देखिएको भौतिक स्रोतको अभावलाई कम गर्न भौतिक स्रोत कम भएका विद्यालयको पहिचान गरी न्यूनतम भौतिक सुविधा राज्यले प्रदान गर्ने नीति बनाउनु पर्ने,

विद्यालय व्यवस्थापन समिति, अभिभावक समेतलाई सक्रिय बनाई विद्यालयको विकासका लागि प्रयोग गर्न सामाजिक सचेतना कार्यक्रम सञ्चालन गर्ने नीति बनाइनु पर्ने ।

### ५.३.२ कार्यान्वयन तहका लागि सुझाव

सामुदायिक विद्यालयमा अध्ययनरत शिक्षकहरूलाई माथिल्लो शैक्षिक योग्यता लिन व्यवस्थापन समितिका अध्यक्ष तथा प्र.अ. सदैव उत्प्रेरित हुनुपर्छ । यसबेला पर्ने असजिलो कम गर्न वैकल्पिक उपाय अपनाउन सकिन्छ ।

हरेक विद्यालयमा कम्तिमा एक/एक जना कर्मचारीको नियुक्ति तत्काल गरिनुपर्छ । यसले पर्ने थप व्यवहारका लागि माथिल्लो निकायलाई सजग गराउनु पर्छ ।

विद्यालयमा विद्यार्थीको नियमित उपस्थितिका लागि समितिका अध्यक्ष, अभिभावक, प्र.अ., शिक्षक, विद्यार्थी समेतको एक समिति निर्माण गरी उक्त समितिले विद्यार्थी अनियमित हुनुको कारण पहिचान गरी नियमित उपस्थितिको वातावरण निर्माण गर्ने ।

कम्पाउन्ड वालको प्रबन्ध नभएका विद्यालयमा तत्कालै अस्थायी घेरावारा लगाउन अध्यक्ष/ प्र.अ.ले सक्रियता देखाउनुपर्छ ।

विद्यालयले भोगिरहेको आर्थिक, भौतिक एवम् शैक्षिक समस्याहरू समाधानार्थ प्रत्येक महिना प्र.अ.ले अनिवार्य रूपमा अध्यक्ष, पदाधिकारी, अभिभावक प्रतिनिधि, शिक्षकका बीचमा छलफल सञ्चालन गर्नुपर्छ ।

व्यवस्थापन समिति गठन हुन नसकेको विद्यालयमा तत्कालै समिति गठन गर्न राजनैतिक दल, नागरिक समाज, शिक्षक, प्रधानाध्यापक आदिको अस्थायी संयन्त्र बनाई काम सञ्चालन गर्नुपर्छ ।

### ५.३.३ भावि अनुसन्धानका लागि सुझाव

भावि अनुसन्धानका लागि केही महत्त्वपूर्ण कुराहरूमा ध्यान दिनुपर्ने आवश्यक देखिन्छ । जुन निम्नअनुसार छन् :

CAS : नेपाल सरकार शिक्षा मन्त्रालयले निरन्तर मूल्याङ्कन पद्धतिलाई क्रमशः कक्षा ८ सम्म पुऱ्याइसकेको छ । तर धेरैजसो विद्यालयमा निरन्तर मूल्याङ्कन पद्धतिलाई बेवास्ता गरेको पाइन्छ । यसलाई अधिराज्य भरिका सम्पूर्ण सामुदायिक विद्यालयहरूले अनिवार्य रूपमा निरन्तर मूल्याङ्कन पद्धति लागू गर्नुपर्छ । जसले गर्दा विद्यार्थीहरूको सम्पूर्ण क्रियाकलापको मूल्याङ्कन हुन्छ र शैक्षिक गुणस्तर बढाउन टेवा पुग्छ ।

TPD : शिक्षकको पेशागत मागको आधारमा तालिमका लागि शिक्षा मन्त्रालय अथवा नेपाल सरकारलाई थुप्रै आर्थिक भार परिरहेको अवस्थामा यसलाई शिक्षक, जिल्ला शिक्षा कार्यालय एवम् जनशक्ति विकास केन्द्रले व्यवस्थित एवम् बैज्ञानिक रूपमा सञ्चालन गर्न आफ्नो आफ्नो क्षेत्रबाट लागिपर्नु पर्छ ।

तुलनात्मक अध्ययन : धेरै जस्तो सामुदायिक विद्यालयहरूको प्रा.वि. स्तरमा सिकाइ उपलब्धि सैद्धान्तिक रूपमा राम्रो देखिन्छ तर व्यवहारिक रूपमा सिकाइ उपलब्धि कमजोर देखिन्छ । जसलाई केही मात्रामा सुधार गर्न सामुदायिक विद्यालय र संस्थागत विद्यालयहरूका प्रा.वि. तहको व्यवस्थापनको तुलनात्मक अध्ययन गर्नुपर्छ ।

# सन्दर्भसूची

काफ्ले, वासुदेव र गिरीराज पौडेल (२०६४), *शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार,* काठमाडौं : जुपिटर प्रकाशन ।

के.सी., फत्तबहादुर (२०५६), *सङ्गठनात्मक व्यवस्थापन,* काठमाडौं : सुकुन्दा पुस्तक भवन ।

कोइराला, विद्यानाथ र चन्द्रबहादुर श्रेष्ठ (२०६६), *शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, मुकुन्दमणी (२०६१), *शिक्षामा लगानी, शिक्षक शिक्षा पत्रिका,* २०६१ अङ्क १, काठमाडौं : शैक्षिक जनशक्ति विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०५७), *प्राथमिक पाठ्यक्रम दिग्दर्शन,* पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।

पाठक, इन्दिरा (२००५), *मानव स्रोत व्यवस्थापनमा प्र.अ.को भूमिका,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, त्रि.वि. कीर्तिपुर ।

भट्टराई, होमनाथ (२०६५), *शिक्षाको परिचय,* काठमाडौं : इन्क्लुसिभ प्रकासन तथा वितरक प्रा.लि. कालीमाटी ।

Best, J.W. and J.V. Kahn (1996). *Research in Education*, New Delhi : Prentice Hall.

Bista, Uttam Dev (2004). *A Study of Resources Management in Primary Schools of Darchula District.* An Unpublish Thesis, Submitted to Educational Planning and management, T.U. Kirtipur, Kathmandu.

CERID (2002). *Study Report*, Formative Research Project, Kathmandu : T.U.

## अनुसूची - १

## अन्तर्वार्ता प्रश्नावली

(सामुदायिक प्रा.वि.का प्रधानाध्यापकहरूका लागि)

प्र.अ.को नाम :............................................................ तह /श्रेणी ..............

शैक्षिक योग्यता ...................... अनुभव वर्ष : ...............

विद्यालयको नाम र ठेगाना : ......................................................................

१) तपाईंको विद्यालयको भौतिक सुविधाप्रति आफू सन्तुष्ट हुनुहुन्छ ?

२) विद्यालय भवन/कक्षाकोठा पर्याप्तता/अपर्याप्तताका सम्बन्धमा तपाईं के भन्नुहुन्छ ?

३) के कक्षाकोठाहरूमा डेक्स/वेन्च लगायतका सामग्री पर्याप्त छन् ?

४) विद्यालयको खेलकुद मैदान, शौचालय तथा खानेपानीको सुविधा कस्तो रहेको छ ?

५) विद्यालयको भौतिक सुविधाको व्यवस्थापनमा कुनै संस्थाले सहयोग गरेको छ ? छ भने कुन संस्था ?

६) शिक्षक-विद्यार्थी अनुपात कस्तो छ ?

७) विद्यार्थी-कक्षाकोठामा क्षेत्रफल अनुपात कस्तो छ ?

८) शिक्षक नियुक्ति, भौतिक सुविधा लगायतका स्रोत सामग्री जुटाउनमा अभिभावकहरू तथा विद्यालय व्यवस्थापन समितिबाट कस्तो भूमिका र सहयोग पाउनु भएको छ ?

९) विद्यालय व्यवस्थापन समिति/अभिभावकहरूले बाहेक शिक्षक/कर्मचारीको व्यवस्था र परिचालन तथा भौतिक स्रोतको व्यवस्थापनमा आफ्नो तर्फबाट के-कस्ता पहलहरू गरिरहनु भएको छ ?

१०) भौतिक स्रोत व्यवस्थापनमा देखिएका मुख्य मुख्य समस्याहरू के-के हुन् ?

११) भौतिक स्रोत व्यवस्थापनका समस्याका सम्बन्धका कारणहरू पत्ता लगाई त्यसको निराकरणका उपायका सम्बन्धमा गोष्ठी तथा छलफल आयोजना गर्नुहुन्छ ?

१२) भौतिक स्रोत व्यवस्थापनका लागि तपाईंले आफूलाई कत्तिको सक्षम पाउनु भएको छ ?

१३) विद्यालयको भौतिक स्रोत व्यवस्थापनका सम्बन्धमा तपाईं के सल्लाह/सुझाव दिन चाहनुहुन्छ ?

# अनुसूची - २

## अन्तर्वार्ता प्रश्नावली

(शिक्षकहरूका लागि)

शिक्षकको नाम :............................................................ तह /श्रेणी ..............

शैक्षिक योग्यता ...................... अनुभव वर्ष : ...............

विद्यालयको नाम र ठेगाना : ..........................................................................

१) विद्यालयमा तपाईं कत्तिको नियमित हुनुहुन्छ ? यदि अनियमित हुनुहुन्छ भने किन ?

२) तपाईंको वृत्ति विकासमा विद्यालय प्रशासन र व्यवस्थापनले कस्तो भूमिका खेलेको छ ?

३) प्रभावकारी शिक्षण सिकाइमा अभिभावक, प्रशासन र विद्यार्थीको सहयोगबाट सन्तुष्ट हुनुहुन्छ ?

४) प्रभावकारी शिक्षण सिकाइका लागि के-कस्ता कार्यहरू गर्नु उपयुक्त ठान्नुहुन्छ ?

५) के तपाईं कक्षा शिक्षणमा जानुअघि दैनिक पाठयोजना तयार पार्नुहुन्छ ?

६) विद्यार्थी अनुपात कत्तिको उपयुक्त ठान्नुहुन्छ ?

७) के तपाईंले शिक्षण गर्ने कक्षाकोठामा भौतिक सुविधाहरूको पर्याप्तता छ ? त्यसले शिक्षण सिकाइका लागि आवश्यकता पूरा गरेको छ ?

८) कक्षाकोठामा कुन कुराको कमी रहेको पाउनुभएको छ ?

९) कक्षा व्यवस्थापनमा कुनै यस्तो कठिनाई छ ? छ भने कस्तो समस्या छ ?

१०) विद्यालयमा पुस्तकालय, खेलकुद मैदान, शौचालयको व्यवस्था कस्तो छ ?

११) भौतिक स्रोत व्यवस्थापनमा तपाईंको कस्तो भूमिका रहिआएको छ ?

१२) तपाईंको समस्याहरूमा विद्यालय प्रशासनको कस्तो सहयोग पाउनु भएको छ ?

१३) विद्यालयमा सञ्चालित अतिरिक्त क्रियाकलापहरू पर्याप्त छन् ? त्यसमा कुनै अभाव/समस्या अनुभव गर्नुभएको छ ?

१४) तपाईंले गरिरहेको कक्षा कार्यक्रम सम्बन्धमा तपाईं के भन्नुहुन्छ ?

१५) भौतिक स्रोत व्यवस्थापनका सम्बन्धमा तपाईंका सुझावहरू के-के छन् ?

## अनुसूची - ३

## अन्तर्वार्ता प्रश्नावली

(वि.व्य.स.अध्यक्षहरूका लागि)

अध्यक्षको नाम :............................................................ अनुभव वर्ष : ..............

विद्यालयको नाम र ठेगाना : ..........................................................................

१) विद्यालयको शिक्षण व्यवस्थालाई प्रभावकारी बनाउन तपाईंले भौतिक स्रोत व्यवस्थापन गर्न कस्तो भूमिका खेल्नुभएको छ ?

२) शिक्षक तथा प्र.अ.का समस्या समाधानका लागि कसरी पहल गरिरहनु भएको छ ?

३) विद्यालय क्षेत्र भित्र परेका समुदायबाट विद्यार्थीहरूलाई विद्यालय भर्ना गर्ने अभियानमा तपाईंको भूमिका कस्तो रहेको छ ?

४) के विद्यालयमा उपलब्ध भौतिक सुविधाहरूलाई पर्याप्त भएको महसुस गर्नुहुन्छ ?

५) विद्यालय भवन र कक्षाकोठाहरू शिक्षण सिकाइका लागि उपयुक्त र पर्याप्त भएको अनुभव गर्नुभएको छ ?

६) के विद्यालयमा डेस्क, वेन्च आदि भौतिक स्रोतहरूको आवश्यकता पूरा भएको ठान्नुहुन्छ ?

७) विद्यालयमा खानेपानी, खेलकुद मैदान र शौचालयको सम्बन्धमा के-कस्ता कठिनाइहरू रहेका छन् ?

८) विद्यालयको स्रोत/सामग्री जुटाउनमा तपाईंको कस्तो भूमिका रहदै आएको छ ?

९) विद्यालयको भौतिक स्रोत व्यवस्थापनका लागि तपाईंले तत्काल अनुभव गरेका समस्याहरू के-के हुन् ?

१०) विद्यालयको प्रगतिका बारेमा तपाईं सन्तुष्ट हुनुहुन्छ ?

११) विद्यालयको शिक्षक दरबन्दी लगायत भौतिक स्रोतहरू जुटाउन जि.शि.का.एमव् अन्य संघ संस्थाहरूबाट के-कस्तो सहयोग पाउँदै आउनु भएको छ ?

१२) विद्यालयको भौतिक स्रोत जुटाउन जि.शि.का. एवम् अन्य संघ संस्थाबाट के-कस्तो सहयोग पाउँदै आउनु भएको छ ?

१३) विद्यालयको भौतिक स्रोत व्यवस्थापन पक्षका सम्बन्धमा तपाईं केही सुझाव दिन चाहनु हुन्छ कि ?

# अनुसूची - ४

## लक्षित समूह छलफलका विषयहरू

प्रधानाध्यापक/शिक्षकहरूका लागि

१) विद्यालयको भौतिक स्रोत व्यवस्थापनको अवस्था र सो सम्बन्धी जानकारी

२) विद्यालयको भौतिक स्रोत व्यवस्थापनको उपलब्धता, कठिनाई र सदुपयोग

३) भौतिक स्रोत व्यवस्थापनको उपलब्धता र व्यवस्थापनका कठिनाईका कारणहरू

४) भौतिक स्रोत व्यवस्थापनमा अभिभावकहरूको सहयोग

५) भौतिक स्रोत व्यवस्थापन सुदृढ नहुनाका कारणहरू

६) भौतिक स्रोत व्यवस्थापनमा जि.शि.का. तथा अन्य संस्थाहरूको सहयोग

७) भौतिक स्रोत व्यवस्थापनमा देखिएका चुनौतीहरू तथा त्यसका निराकरणका उपायहरू

अभिभावक/व्यवस्थापन समितिका अध्यक्षहरूका लागि

१) विद्यालयको भौतिक स्रोत व्यवस्थापनको स्थिति र उपयोगिताको अवस्था

२) विद्यालयको भौतिक स्रोत व्यवस्थापनमा देखिएका समस्या र निराकरणका उपायहरू

३) कक्षाकोठामा विद्यार्थीले भोगिरहेका समस्याहरू बारे जानकारी

४) भौतिक स्रोत व्यवस्थापनमा विद्यालय प्रशासनको सहयोग

५) भौतिक स्रोत व्यवस्थापनमा अभिभावकहरूको भूमिका

६) भौतिक स्रोत व्यवस्थापनका सम्बन्धमा अभिभावकहरूले पुऱ्याइरहेको सहयोग/योगदान

७) विद्यालयका कार्यक्रमहरूमा विद्यालय प्रशासनले सहभागिताका लागि दिएको अवसर र सहभागिता

८) भौतिक सुविधाहरूको व्यवस्थापनमा देखिएका समस्याहरू र समस्या समाधानका उपायहरू

९) विद्यालय - समुदाय सम्बन्ध (योजना, समन्वय, नियन्त्रण र निर्देशनको क्षेत्रमा)

१०) विद्यालयमा भौतिक स्रोत व्यवस्थापनलाई प्रभावकारी बनाउन चालिनुपर्ने कदमहरू

# अनुसूची - ५

## विद्यालय अवलोकन फारम

(इटहरी न.पा. मा रहेका सामुदायिक विद्यालयको प्राथमिक तहको निमित्त)

विद्यालयको नाम र ठेगाना : ..........................................................मिति : ...............

**क) मानव स्रोत सम्बन्धी विवरणहरू**

१. विद्यालयमा हाल कार्यरत शिक्षकहरूको विवरण

| क्र. सं. | शिक्षकको नाम थर | लिङ्ग | नियुक्तिको किसिम | शैक्षिक योग्यता | तालिम प्राप्त/अप्राप्त | ७ दिनको कक्षाभार | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

२. कर्मचारीको विवरण

| क्र.सं. | कर्मचारीको नाम थर | लिङ्ग | पद | नियुक्तिको किसिम | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

३. शिक्षक कर्मचारीको नियमितता

४. विद्यार्थी विवरण

| कक्षा | सेक्सन सङ्ख्या | विद्यार्थी सङ्ख्या | | जम्मा |
|---|---|---|---|---|
| | | छात्र | छात्रा | |
| | | | | |

. विद्यार्थी नियमितता सम्बन्धी विवरण

| विवरण | औसत सङ्ख्या | जम्मा विद्यार्थी सङ्ख्या |
|---|---|---|
| नियमित उपस्थित हुने | | |
| नियमित उपस्थित नहुने | | |

६. शिक्षक- विद्यार्थी अनुपात

| विवरण | शिक्षक सङ्ख्या | विद्यार्थी सङ्ख्या | अनुपात |
|---|---|---|---|
| नियमित उपस्थित हुने | | | |
| नियमित उपस्थित नहुने | | | |

७. विद्यार्थी भर्नाको प्रवृत्ति

| कक्षा (१-५) | नयाँ भर्ना | कक्षा दोहोऱ्याउने | कक्षा छाड्ने |
|---|---|---|---|
| | | | |

८. अतिरिक्त क्रियाकलापको योजना सम्बन्धी विवरण

- योजना बनाएको/नबनाएको
- संलग्न शिक्षक/विद्यार्थी
- कार्य विवरणहरू :
  सरसफाइ/हाजिरीजवाफ /फुटबल/वक्तृत्वकला/हिज्जे/कवितागोष्ठी/ नाटक/ निबन्ध प्रतियोगिता/ अन्य खेलकुद ।

**ख) भौतिक सुविधाहरू**

१) विद्यालय भवनको सङ्ख्या : ..........................

२) कक्षाकोठाहरूको सङ्ख्या/प्रयोगशाला/स्रोतकेन्द्र/भाडामा लगाएको : ..............

३) अफिसका लागि छुट्याएको कोठा सङ्ख्या :

४) विद्यालय भवनको अवस्था : पक्की/अर्धपक्की / कच्ची

५) विद्यालय भवनको अवस्था : आफ्नै / बहालमा / सार्वजनिक

६) झ्याल ढोकोको अवस्था : राम्रो / सामान्य / नराम्रो

७) प्रकाश / बत्तीको व्यवस्था : भएको / नभएको

८) कक्षाकोठा व्यवस्थापन

क) विद्यालय हाताको क्षेत्रफल :

ख) विद्यालय भवनले ओगटेको क्षेत्रफल :

ग) कक्षाकोठाको जम्मा क्षेत्रफल :

घ) एउटा विद्यार्थीले पाएको क्षेत्रफल :

ङ) डेक्सले ओगटेको क्षेत्रफल :

च) वेन्चले ओगटेको क्षेत्रफल :

छ) डेक्स वेन्चमा विद्यार्थीले पाएको ठाउँ / क्षेत्रफल :

ज) विशेष विद्यार्थीका लागि छुट्टै डेक्स भए/नभएको :

९) फर्निचरको व्यवस्था

| विवरण | सङ्ख्या | कैफियत |
|---|---|---|
| डेक्स | | |
| बेन्च | | |
| टेबल | | |
| दराज | | |
| मेच | | |
| अन्य | | |

१०) खेलकुद मैदानको अवस्था र जग्गा (विगाहामा) ..........................

११) शौचालयको अवस्था (सङ्ख्या)

क) शिक्षक /विद्यार्थीले साझा प्रयोग गर्ने

ख) छात्राले प्रयोग गर्ने / छात्रले प्रयोग गर्ने

१२) खानेपानीको अवस्था :

१३) कम्पाउन्ड पर्खाल तथा फूलबारीको अवस्था :

१४) पुस्तकालयको अवस्था / पुस्तक सङ्ख्या :

१५) प्रयोगशालाको अवस्था :

१६) शैक्षिक सामग्रीको विवरण :

| विवरण | सङ्ख्या/अवस्था | | | कैफियत |
|---|---|---|---|---|
| | राम्रो अवस्था | सामान्य अवस्था | जीर्ण अवस्था | |
| | | | | |

१७) छात्राबासको अवस्था :

१८) स्वास्थ्य उपचार कक्षको सङ्ख्या :

१९) सञ्चार उपकरणहरू प्रकार र सङ्ख्या

२०) चमेना गृह सङ्ख्या :

२१) यातायातको साधन-प्रकार सङ्ख्या :